## विशेष इजलास

१

**स.प्र.न्या. श्री खिलराज रेग्मी, मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** रि.नं. ०६५-WS-००१०, उत्प्रेषण परमादेश, *भुवनप्रसाद निरौला वि. संविधानसभा तथा व्यवस्थापिका संसद समेत*

कुनै पनि निकाय न्यायिक निकाय हो वा होइन भन्ने कुराको निर्धारण त्यसले सम्पादन गर्ने कार्यले गर्दछ । सोझो अर्थ गर्दा न्यायिक निकाय भन्नाले सामान्य अदालत भन्ने बुझिन्छ । तर अहिलेको विशिष्टीकरणको युगमा सामान्य अदालतले मात्रै मुलुकको सम्पूर्ण न्यायसम्बन्धी अधिकारको प्रभावकारी रूपमा प्रयोग गर्न वा न्यायिक कार्यलाई प्रभावकारी रूपमा सम्पादन गर्न सम्भव नहुन पनि सक्छ । त्यसैले विशिष्टीकृत खालका अदालत वा न्यायाधिकरण वा न्यायिक निकायहरूको गठन गर्न सकिने अन्तर्राष्ट्रिय मान्यता रहेको र नेपालका सन्दर्भमा पनि मूल कानूनका रूपमा रहेको संविधान स्वयंले नै त्यस्ता निकायहरूको परिकल्पना गरेको हुँदा सैनिक न्यायप्रणालीको सञ्चालनका लागि सैनिक अदालतहरूको गठन गर्न सकिने ।

सैनिक ऐन, २०६३ बमोजिम प्रत्येक तहका सैनिक अदालतहरूले सम्पादन गर्ने कार्यलाई आधार बनाउँदा ती सबै अदालतहरूले मुद्दाको कारवाही किनारा नै गर्ने हुँदा तिनीहरूलाई संविधानको धारा १०० अनुसारको न्यायिक निकायको दायराभन्दा बाहिर राख्न मिल्ने अवस्था नदेखिने ।

न्यायिक निकाय भन्ने बित्तिकै त्यसमा न्यायिक चरित्र निहीत रहेको मानिन्छ । अदालत वा न्यायिक निकायको पहिचान भनेको त्यसको नाम वा संरचना हुन सक्दैन, त्यसलाई सुम्पिएको अधिकारक्षेत्र, त्यसको कार्यप्रणाली र त्यस्ता निकायमा अन्तर्निहीत केही विशिष्ट प्रकृतिको अधिकारले नै त्यसलाई अन्य निकायभन्दा फरक रूपमा उभ्याउँछ । त्यस्तो विशिष्टता भनेकै न्यायका मान्य सिद्धान्त, स्वतन्त्र न्यायपालिकाको अवधारणा र तत्सम्बन्धी मूल्य मान्यताको अनुशरण गर्न पाउने अधिकार र त्यसको क्षमता हुने हुन्छ ।

सैनिक अदालतहरूले आफूले सेवाभित्रको जनशक्तिबाट भए गरेका कामकारवाहीको विषयमा न्याय प्रदान गर्ने हुँदा समग्र सैनिक जनशक्तिमा न्यायप्रतिको विश्वास जागृत गराउन सक्नु पनि सैनिक व्यवस्थापनको महत्वपूर्ण आयामका रूपमा रहन्छ । सैनिक सेवाको अनुशासन र मर्यादा जोगाउँदा सैनिक न्यायको पक्ष कमजोर बनाउनै पर्ने हुन्छ भन्न नहुने ।

सैनिक अनुशासन र सेनाको तहगत नियन्त्रण प्रणाली (Chain of Command) को निरन्तरता र त्यसको परिपालनका लागि आफ्नै जनशक्तिको न्याय प्राप्तिको अधिकारलाई कुण्ठित पारिनु पर्दछ भन्ने तर्क गर्न नमिल्ने ।

संविधानले देशको न्यायसम्बन्धी अधिकारको प्रयोगको आधार निश्चित् गरेको र नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापनको कार्ययोजनाको परिकल्पना समेत गरेको सन्दर्भमा संविधानले गरेको न्यायिक निकायसम्बन्धी व्यवस्थाअन्तर्गत समेटिने सैनिक अदालतहरूले न्यायका मूलभूत मान्यताहरूको अनुशरण गर्नु नपर्ने भनी परम्परागत संकुचित धारणा बनाउनु न्यायोचित् नहुने ।

सैनिक ऐनभित्रका सैनिक न्यायसम्बन्धी प्रावधानहरूको सूक्ष्म रूपमा अवलोकन र अध्ययन गरी त्यसलाई अहिलेको आधुनिक लोकतान्त्रिक पद्धति तथा संविधानवाद र कानूनी राज्यअनुरूपको बनाउन यस अदालतले भूमिका खेल्नु अन्यथा नहुने ।

सैनिक अनुशासन र सैनिक सेवाको विशिष्ट चरित्रलाई पूर्णतः अनदेखा गरी सैनिक ऐनमा रहेका सैनिक अदालतसम्बन्धी प्रावधानहरूलाई एकांगी ढंगले हेरिनु सैनिक न्याय प्रणालीका दृष्टिले उचित मानिँदैन । यस अदालतलाई प्राप्त असाधारण अधिकारक्षेत्र र त्यसअन्तर्गतको न्यायिक पुनरावलोकनको अधिकारक्षेत्रको प्रयोग गर्दा सम्बन्धित कानूनी व्यवस्थालाई त्यसको समग्र परिवेश र सिंगो कानूनी व्यवस्थाको सापेक्षतामा गरिने ।

सैनिक न्यायको सन्दर्भमा सैनिक अदालतको प्रभावकारिता सँगसँगै सैनिक अदालतको क्षेत्राधिकारभित्रका कसूरसम्बन्धी अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्ने प्रणालीलाई पनि उत्तिकै प्रभावकारी बनाउनु जरूरी हुन्छ । ती संयन्त्रहरूमा सैनिक

अधिकारीको प्रत्यक्ष हस्तक्षेपको गुञ्जायस रहनु हुँदैन, त्यस्ता संयन्त्रमा कार्यरत् जनशक्तिलाई अन्य सैनिक जनशक्ति सरहकै सेवा, शर्त वा नियन्त्रणको अधीन बनाउने हो भने त्यस्ता संयन्त्रबाट स्वतन्त्र रूपमा कार्यसम्पादन सम्भव हुँदैन र उनीहरूबाट निष्पक्ष रूपमा अनुसन्धान र अभियोजन हुन्छ भन्ने विश्वास कायम राख्न नसकिने ।

कुनै पनि न्यायिक निकायको निर्णय न्यायिक प्रक्रियाअन्तर्गत नै परीक्षण हुन सक्छ, त्यसबाहेक अन्य निकाय वा अधिकारीले त्यसलाई सदर वा बदर गर्ने सामर्थ्य राख्दैन । यो नै न्यायिक निर्णयको सार्वभौम चरित्र हो । त्यसैले सैनिक ऐन तथा नियममा रहेका सैनिक न्याय व्यवस्थासम्बन्धी प्रावधानहरूलाई संविधान तथा न्यायका मान्य सिद्धान्तहरूसँग संगति कायम हुने गरी व्यवस्था गरिनु पर्दछ । शुरू तहका सैनिक अदालतहरूबाट भएका फैसला वा निर्णयहरू सैनिक अधिकृतबाट सदर वा बदर गर्ने प्रणालीलाई कुनै पनि तर्कका आधारमा जायज ठहऱ्याउन नसकिने हुँदा सैनिक अदालतका फैसला वा निर्णयहरूको न्यायिक परीक्षणका लागि कम्तीमा पनि एक तह पुनरावेदन सुन्ने व्यवस्था सुनिश्चित गरिनु जरूरी देखिने ।

सैनिक सेवाको संवेदनशील प्रकृति, कठोर अनुशासनको पालनाको आवश्यकता र सैनिक सेवामा प्रवेश गरेकै कारणबाट सैनिक जनशक्तिले मानव अधिकार र न्यायको अधिकार समर्पण गर्नु नपर्ने परिस्थितिबीचको सन्तुलित स्थिति सिर्जना गरी देशका सबै जनताले झैं सैनिक सेवामा कार्यरत् जनशक्तिहरूले पनि न्याय गर्ने, गराउने र प्राप्त गर्ने आधुनिक, सभ्य र लोकतान्त्रिक प्रणाली विकास गर्न सैनिक ऐन, २०६३ का विभिन्न प्रावधानहरूको पुनरावलोकन गरी कानूनी एवं संस्थागत सुधारका साथै त्यसको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक देखिएकोले यो आदेश प्राप्त भएको मितिले छ महिनाभित्र न्याय, कानून तथा सुरक्षा क्षेत्रको प्रतिनिधित्व भएको एउटा कार्यदल गठन गरी न्याय एवं कानूनको क्षेत्रमा कार्यरत् विशेषज्ञ, सैनिक संगठनभित्रका सबै तहका जनशक्ति, सरकारका सुरक्षा संयन्त्र, नागरिक समाज तथा सैनिक न्यायसँग सम्बन्धित मौजूदा व्यवस्थाहरूको पुनरावलोकन गरी आवश्यक सुधारको जो चाहिने प्रवन्ध गर्नु गराउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा मन्त्रालय र कानून तथा न्याय मन्त्रालय समेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: उमेश कोइराला

इति संवत् २०६८ साल असार १६ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. २०६७-WS-००१४, उत्प्रेषण समेत, *पूर्णचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मतदाताको हक कानूनी हक भएको र मतदाता नामावलीमा नाम समावेश नभईकन नागरिकहरूले सो हकको प्रयोग गर्न नसक्ने परिप्रेक्ष्यमा गैरकानूनी तवरबाट कुनै मतदाताको नाम मतदाता नामावलीमा समावेश नगरी निजलाई मतदाताको हकबाट बञ्चित गरिएको खण्डमा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ ले पीडित नागरिकलाई सामान्य कानूनी उपचारको मार्ग प्रशस्त नगरेको भए तापनि निजले उपचारविहीन अवस्थामा रहनुपर्ने देखिँदैन । कानूनले वैकल्पिक उपचारको व्यवस्था नगरेको उक्त कानूनी हकको प्रचलनका लागि संविधानको धारा १०७(२) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत उपचार प्राप्त गर्ने निजको हक सुरक्षित नै रहने भएको हुँदा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ को प्रावधानले निर्वाचन आयोगलाई अनियन्त्रित अधिकार प्रदान गरेको र सो प्रावधान संविधानको धारा १०७(२) सँग बाझिएको भन्ने देखिन नआउने ।

तोकिएको मिति र समयमा निर्वाचन सम्पन्न हुनु अपरिहार्य हुने भएको हुँदा कुनै पनि नागरिक मतदानको प्रक्रियामा नछुटून् भनी निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण कामकारवाही र तयारी बहुत होशियारी र सावधानीकासाथ गरेको हुन्छ । सावधानी अपनाउँदा अपनाउँदै पनि यदि कुनै मतदाता नामावलीमा भूलवश छुट्न गएछ नै भने पनि त्यसको कारणबाट देशव्यापी मतदान कार्यक्रम प्रभावित नहोस् भन्ने अभिप्रायले अदालतको साधारण क्षेत्राधिकारबाट

कानूनी उपचार प्राप्त गर्ने व्यवस्था नगरिएको हो। अन्तरिम संविधानको धारा १०७(२) को असाधारण अधिकारक्षेत्रअन्तर्गतको उपचार भने उपलब्ध हुन्छ। यसबाट उपचारको मार्ग नै बन्द गरिएको होइन, असाधारण क्षेत्राधिकारअन्तर्गत उपचार पाउन सक्ने व्यवस्था सदा खुला रहन्छ। मतदाता नामावलीसँग सम्बन्धित विवादहरूमा अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत सुनुवाई गरी उपचार गर्दा एक तह पुनरावेदनको अधिकार समेत प्रदान गर्नुपर्ने हुन्छ जसबाट न्यायिक उपचारको प्रक्रिया अझ ढिला हुने भई निर्वाचनको काम प्रभावित हुन सक्तछ। यस अदालतले असाधारण क्षेत्राधिकारअन्तर्गत त्यस्ता विवादहरूको सुनुवाई गर्दा भने निर्वाचनको कार्यक्रम प्रभावित हुन नहुने कुराको विचार गरेर निर्वाचन कार्यक्रम प्रभावित नहुने गरी मात्र उपचार प्रदान गर्ने आफ्नो असाधारण अधिकारको प्रयोग गर्ने।

निर्वाचन आयोग एक स्वतन्त्र संवैधानिक निकायको रूपमा रहेको देखिन्छ। संविधानको धारा १२९ अन्तर्गत रहेर आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने सन्दर्भमा निर्वाचन आयोग अधिकार सम्पन्न र सक्षम रहेको देखिन्छ। मतदाता नामावली संकलन गर्ने सम्बन्धमा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ ले गरेका कानूनी व्यवस्थाहरू चरणवद्ध, सिलसिलेवार र पारदर्शी समेत रहेको देखिन्छ। मतदाता नामावली संकलन गर्दा चित्त नबुझ्ने व्यक्तिले दावी विरोध गर्न पाउने, सो दावी विरोध गरेको कुरामा सम्बन्धित अधिकारीले कानूनबमोजिम निर्णय गर्नुपर्ने र सोहीअनुसार मतदाता नामावलीमा थपघट गरी अन्तिम नामावली प्रकाशन गर्नुपर्ने जस्ता उक्त ऐन र नियमावलीका व्यवस्थाहरू हेर्दा मतदाता नामावली तयार गर्ने विषयमा निर्वाचन आयोगका कामकारवाहीहरू पारदर्शी रहेको देखिन्छ। मतदाता नामावली संकलन गर्दा कानूनविपरीत गरी कुनै व्यक्तिको नाम मतदाता नामावलीमा समावेश नगरेमा संविधानको धारा १०७(२) द्वारा यस अदालतलाई प्रदत्त असाधारण क्षेत्राधिकारअन्तर्गत निवेदन दिन सक्ने नै हुँदा उपचारको व्यवस्था नै नभएको भन्न मिल्ने देखिँदैन। तसर्थ मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ ले निर्वाचन आयोगलाई अनियन्त्रित अधिकार प्रदान गरेको र सो व्यवस्था अन्तरिम संविधानको धारा १२९ सँग बाझिएको छ भन्ने निवेदकको दावी पुग्न नसक्ने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम्।

३

**मा.न्या. श्री प्रेम शर्मा, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** रि.नं. ०६७-WS-००२१, उत्प्रेषणयुक्त परमादेश समेत, *गंगाकुमारी सिन्हा समेत वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

निश्चित् पद्धतिअन्तर्गत सञ्चालित परीक्षामा निवेदकहरू स्वयं सामेल भइसकेको अवस्थामा निजहरूले नाम वैकल्पिकतर्फ प्रकाशित भएको भन्ने आधारले मात्रै निजहरूलाई भेदभाव भयो भनी मनोगत निष्कर्ष निकाल्नु न्यायसंगत हुँदैन। त्यसको लागि तर्कसंगत आधार र कारणहरू विद्यमान हुनुपर्ने।

राज्यको कुनै पनि निकायले कुनै प्राविधिक, आर्थिक, व्यवस्थापकीय वा अन्य बहानामा संविधानको उद्देश्यअनुरूप समावेशी सिद्धान्तका आधारमा सहभागी हुन पाउने हकको कार्यान्वयन गर्नुपर्ने कर्तव्य वा दायित्व निर्वाह गर्नमा लामो समयसम्म अनदेखा वा बेवास्ता गर्नु मनासिब र तर्कसँगत हुन नसक्ने।

नेपाल बैंक लिमिटेडले आफ्नो कर्मचारी नियमावली, २०४८ मा संविधानको व्यवस्थाअनुरूपको समावेशी सिद्धान्तअनुसार कुनै पनि रिक्त पदको स्थायी पूर्ति गर्ने गरी सो नियमावलीको पदपूर्तिसम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गरी सम्बद्ध व्यक्तिहरूको समानुपातिक सहभागिताको हकलाई सुनिश्चित गरेर मात्रै रिक्त पदपूर्ति गर्नुपर्नेमा सोअनुरूप संशोधनसमेत गरेको पाइएन। तसर्थ नेपाल बैंक लिमिटेडको कर्मचारी नियमावली, २०४८ को नियम २.४ तथा सोसँग सम्बन्धित अनुसूची ३ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१ र ३३(घ१) को भावनाअनुकूल रहेको मान्न मिलेन। तथापि सो नियमावलीको उक्त प्रावधानहरू यस अदालतले अहिले नै अमान्य र बदर घोषित गर्दा सो सम्बन्धमा कानूनी रिक्तताको स्थिति सिर्जना हुने हुँदा औचित्य समेतको

दृष्टिकोणबाट उक्त विवादित कानूनी प्रावधान अहिले नै अमान्य र बदर घोषित नगरी नेपाल बैंक लिमिटेडको अब रिक्त हुने पदहरूमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्दा समानुपातिक समावेशी सिद्धान्तअनुसार सम्बन्धित वर्ग वा समूहका व्यक्तिहरूको सहभागिता हुने हकलाई सुनिश्चित गरेर मात्रै पदपूर्ति गर्नु र सो नियम २.४ र अनुसूची ३ मा यो आदेश प्राप्त भएका मितिले ३ महिनाभित्र संविधानसम्मत् हुने गरी संशोधन गर्नु भनी विपक्षी नेपाल बैंक लिमिटेडको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल कात्तिक ३ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री गिरीश चन्द्र लाल, मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** रिट नं. ०६६-WS-००३०, उत्प्रेषण समेत, *रसकमल यंगोल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

प्रहरी सेवाभित्रका प्राविधिक समूहका पदहरूका लागि नियुक्ति वा बढुवा गर्दा सम्बन्धित विगषयको विशेष ज्ञान, वा दक्षता हासिल गरेको हुनुपर्ने विशेष व्यवस्था गरेको प्रहरी प्राविधिक नियमावली, २०५८ को नियम ८(ख) र नियम १४ (३) का कानूनी व्यवस्थाहरूको उद्देश्य तर्कपूर्ण र बोधगम्य नै रहेको देखिने ।

राज्यका तर्फबाट समानहरूका बीच समान व्यवहार गरिनु पर्दछ र असमानहरूका बीच एउटै व्यवहार गरिनु हुँदैन भन्ने नै समानतासम्बन्धी अवधारणाको सार हो । प्रहरी सेवाभित्र गठित "समान्य प्रहरी सेवा" र "प्रहरी प्राविधिक सेवा" छुट्टाछुट्टै उद्देश्य र प्रयोजनका लागि गठन गरिएको देखिन आएकोले उक्त दुबै समूहका प्रहरी कर्मचारीहरू समान अवस्था छन्, त्यसैले उनीहरूका बीच नियुक्ति तथा बढुवासम्बन्धी विषयहरूमा समान योग्यता निर्धारण गरिनु पर्दछ, फरक-फरक योग्यता निर्धारण गर्नु भेदभावपूर्ण हुन्छ भन्न नमिल्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागांई

संवत् २०६८ साल मंसिर ८ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री गिरीश चन्द्र लाल, मा.न्या. वैद्यनाथ उपाध्याय र मा.न्या. श्री तर्कराज भट्ट,** रि.नं. ०६७-WS-००२९, संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाऊँ, *लोकराज पौडेल समेत वि. व्यवस्थापिका संसद सचिवालय समेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को स्तरवृद्धिसम्बन्धी व्यवस्था एउटै तहको पदमा लामो समयसम्म रही बढुवामा स्थान पाउन नसकेका कर्मचारीहरूलाई लक्षित गरी ल्याइएको विशेष व्यवस्था हो । यस व्यवस्थामा कर्मचारीको योग्यता वा क्षमताभन्दा पनि वाञ्छित योग्यताको अभावमा लामो अवधिसम्म बढुवामा स्थान पाउन नसकेको कारणबाट कर्मचारीहरूमा उत्पन्न हुन सक्ने नैराश्यतालाई कम गर्ने प्रयोजन अन्तर्निहीत रहेको देखिन आउँछ । त्यसैले यस व्यवस्थाअन्तर्गत बढुवाका लागि निर्धारित न्यूनतम् शैक्षिक योग्यता पुगेको नभए पनि सेवा अवधि तथा भौगोलिक क्षेत्रको अनुभवजस्ता अन्य कुराहरूको आधारमा माथिल्लो स्तरमा स्तरवृद्धि गर्ने गरिन्छ । त्यसैले स्तरवृद्धिसम्बन्धी व्यवस्था माथिल्लो तह वा माथिल्लो पदमा योग्यताका आधारमा हुने बढुवा नभई लामो अवधिसम्म बढुवामा स्थान पाउन नसकेका कर्मचारीहरूलाई माथिल्लो तहको सुविधा प्रदान गरी प्रोत्साहित गर्ने र उनीहरूमा उत्पन्न हुनसक्ने नैराश्यताको निराकरण गर्ने वैकल्पिक व्यवस्थासम्म रहेको देखिने ।

स्वास्थ्य सेवाका पदहरू पूर्ति गर्ने सम्बन्धमा स्वास्थ्य सेवा ऐन, २०५३ ले गरेको 'खुला प्रतियोगिता' 'बढुवा' र 'स्तरवृद्धि' सम्बन्धी व्यवस्थाहरू एक अर्काका समानान्तर वा पूरक नभई परस्पर स्वाधीन व्यवस्थाहरू हुन् भन्ने देखिन आएको छ । राज्यको कुनै सेवाको गठन सञ्चालनका लागि के कस्तो जनशक्ति आवश्यक पर्दछ र त्यस्तो जनशक्ति के कसरी पूर्ति गर्ने भन्ने विषय विधायिकाको विधायिकी विवेक (Legislative Wisdom) भित्र पर्ने विषय हो । यसमा यस अदालतबाट अन्यथा हस्तक्षेप हुन सक्दैन । तर यति विधायिकाले आफ्नो उक्त अधिकारको प्रयोग गरी कानून बनाउँदा समान अवस्थाका मानिसहरूका बीच फरक-फरक व्यवहार गर्ने गरी

असमान अवस्थाका मानिसहरूको बीच एउटै व्यवहार गर्ने गरी कानून बनाउँछ भन्ने संविधानप्रदत्त समानताको हकको प्रतिकूल व्यवहार भएको भन्ने आधारमा यस अदालतले विधायिका निर्मित कानूनको न्यायिक पुनरावलोकन गर्ने र भेदभावपूर्ण व्यवहार गरेको आधारमा त्यस्तो कानूनलाई असंवैधानिक भएको घोषणा गर्ने अवस्था उत्पन्न हुने ।

खुला प्रतियोगिता, बढुवा र स्तरवृद्धिलाई विधायिकाले पदपूर्तिको अलग-अलग तरीका र मापदण्डको रूपमा स्वीकार गरेको र "स्तरवृद्धि" को व्यवस्थालाई "बढुवा" को अर्थमा ग्रहण नगरेको अवस्थामा स्तरवृद्धिसम्बन्धी व्यवस्था कर्मचारी विशेषको अधिकारको रूपमा भन्दा पनि विधायिकी विवेक र सदाशयताको रूपमा सम्म रहेको देखिन आउँछ। स्तरवृद्धिसम्बन्धी उक्त ऐनको व्यवस्थाले पदहरूको सिर्जना र समाप्तिलगायत खुला प्रतियोगिता र बढुवाद्वारा रिक्त पदहरूको पूर्ति गर्ने ऐनको नियमित प्रक्रियामा कुनै असर नपार्ने भएबाट समान अवस्थाका कर्मचारीहरूका बीच भेदभावपूर्ण तवरले ऐनको दफा ९(२) को स्तरवृद्धिसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गरेको भन्ने बाहेक अरू कुनै पनि आधारमा "स्तरवृद्धि" सम्बन्धी ऐनको उक्त व्यवस्थालाई चुनौती दिन सकिने देखिन नआउने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या. श्री कमलनारायण दास,** फौ.पु.इ.नं. ०६७-CF-००२९, भ्रष्टाचार, *प्रमिला राई (श्रेष्ठ) वि. नेपाल सरकार*

भ्रष्टाचारसम्बन्धी मुद्दा त्यसमा पनि नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित मुद्दामा वारदात मितिको निर्धारण गर्नु अत्यन्त महत्वपूर्ण पक्ष हो । यसमा अभियुक्तले पहिलो पटक त्यस्तो नक्कली प्रमाणपत्र पेश गरेको मितिलाई मात्र वारदात मिति भनेर सो मितिले सीमित हदम्यादको व्यवस्था लागू गर्न मिल्ने हुँदैन । किनभने नक्कली प्रमाणपत्र पेश गरी त्यसबाट फाइदा वा सुविधा लिने व्यक्तिले सो फाइदा वा सुविधा लिइरहेसम्म र त्यस्तो फाइदा वा सुविधा नलिए पनि पेश गरेको सो नक्कली प्रमाणपत्रको अस्तित्व रहेसम्म नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित कसूर वारदातको निरन्तरता रहिरहन्छ । त्यसकारण पनि यस्तोमा सीमित हदम्यादको कानूनी व्यवस्था प्रभावकारी हुन सक्दैन । सोही उद्देश्यलाई दृष्टिगत गर्दै वर्तमान भ्रष्टाचार निवारण कानूनमा हदम्यादको सीमित व्यवस्था नगरी खुल्ला हदम्याद राखिएको छ। तर पहिलाको वारदातको सम्बन्धमा साविक ऐनअनुसार कारवाही गर्दा पनि अभियुक्तलाई प्रत्यक्ष फाइदा पुग्ने गरी वा ऐनको उद्देश्य नै पराजित हुने गरी कानूनी प्रावधानको व्याख्या अदालतले नगर्ने ।

प्रस्तुत मुद्दाका सन्दर्भमा पेश भएका प्रमाण कागजातबाट मिति २०६१।११।३ मा अनुसन्धान अधिकृत तोकिई रीतपूर्वक अनुसन्धान कार्य प्रारम्भ भएको देखिँदा अनुसन्धान अधिकृत नियुक्त भएको सोही मितिलाई नै अनुसन्धान शुरू भएको मान्नु नै सहज, स्वाभाविक र कानूनसम्मत् हुने देखिन्छ । यसर्थ प्रस्तुत अभियोगपत्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क ले निर्धारित गरेको हदम्याद दुई वर्षभित्रै दायर भएको देखिने ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. मा उल्लिखित हदम्यादसम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा यस अदालतको दुई संयुक्त इजलासबाट गरिएको व्याख्यामध्ये कुन कायम रहने हो भन्ने निर्णय दिनुपर्ने हुन आएको छ । यस अन्तिम प्रश्नका सम्बन्धमा विचार गर्दा माथि पहिलो प्रश्नको सम्बन्धमा गरिएको कानूनको व्याख्या र तथ्यहरूको विवेचना र विश्लेषणसमेतको आधारमा प्रस्तुत मुद्दा ऐनको हदम्यादभित्रै दायर भएको भनी यस मुद्दामा संयुक्त इजलासबाट गरिएको व्याख्या नै कानूनसम्मत् देखिन आएकोले सो रूलिङ्ग कायम रहने हुन्छ । यसको साथै संवत् २०६६ सालको फौ.पु.नं. ०५५० को भ्रष्टाचार (झूट्टा शैक्षिक प्रमाणपत्र) मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।२।१८ मा गरिएको व्याख्या कायम रहन नसक्ने गरी Overrule हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
इति संवत् २०६८ साल कात्तिक ८ गते रोज ३ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६६-CI-१०२४, छूट जग्गा दर्ता, *मालपोत कार्यालय, उदयपुर वि. जगदेव चौधरी*

छूट जग्गा दर्ता गर्ने अधिकारप्राप्त मालपोत कार्यालयले कुनै जग्गा दर्ता गरिपाऊँ भनी परेको निवेदनमा सम्बद्ध प्रमाणहरू बुझी तिनको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ। त्यस्तो जग्गामा एकभन्दा बढी व्यक्तिहरूको निवेदन परी तेरो मेरोको प्रश्न समेत उपस्थित भएमा मालपोत कार्यालयले प्रमाण बुझी मूल्याङ्कन गरी सो जग्गा यो यस व्यक्तिको हो भनी हक कायम गर्ने अधिकार भने रहन सक्तैन। त्यस अवस्थामा दर्ताको दावी लिने दुबै पक्षलाई सम्बन्धित अदालतबाट आफ्नो हक स्थापित गराई ल्याउनु भनी सुनाई अदालतबाट ठहरेबमोजिम मात्र जग्गा दर्ताको कारवाही गर्नुपर्ने।

दावीको उक्त जग्गाहरू साविकदेखि नै नदी जनिएको भन्ने आधारबाट सरकारी जग्गाको परिभाषाभित्रको भई कुनै व्यक्तिको निवेदनका आधारमा सो व्यक्तिका नाममा दर्ता हुन नसक्ने भन्दै वादीको निवेदन दावी खारेज गर्ने निर्णय गरेको देखिन आउँछ। दुई पक्षले हकको स्रोत देखाई एउटै जग्गामा दर्ताको दावी लिएको यस्तो अवस्थामा सोसम्बन्धी प्रमाणको मूल्याङ्कन गरी हक बेहकको बारेमा निर्णय बोल्नु पर्ने र सो प्रयोजनको लागि सम्बन्धित पक्षहरूलाई जिल्ला अदालतबाट हक स्थापित गराई ल्याउनु भनी सुनाउनु पर्ने।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल कात्तिक १६ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६६-CI-१०२५, छूट जग्गा दर्ता, *मालपोत कार्यालय, उदयपुर वि. देवनारायण चौधरी*

न्याय निरूपण गर्ने अधिकारप्राप्त निकायले आफूसमक्ष प्रस्तुत भएको कुनै पनि विवादको निरोपण गर्दा सम्बद्ध प्रमाण बुझ्ने र पेश भएका समग्र प्रमाणको विवेचना र मूल्याङ्कन गरेर मात्रै न्यायिक निष्कर्षमा पुग्नु सर्वमान्य सिद्धान्त हो। जग्गा दर्तासम्बन्धी विवादको निरोपण गर्ने अधिकार पाएको मालपोत कार्यालयले पनि सो विषयमा कुनै निर्णय गर्दा सो सिद्धान्तलाई बेवास्ता गर्न मिल्दैन। तर, प्रस्तुत विवादमा पुनरावेदक मालपोत कार्यालयले सोअनुरूप जग्गा दर्ताको माग गर्ने प्रत्यर्थी वादीको हक भोगसम्बन्धी प्रमाणहरू बुझी मूल्याङ्कन गरी निजको दावी पुग्ने नपुग्नेतर्फ निर्णय गरी बोल्नुपर्ने।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल कात्तिक १६ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** फौ.पु.नं. २०६५-CR-०२२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि.दिलीपकुमार श्रेष्ठ समेत*

वारदात हुनुभन्दा अगावैदेखि मृतक समेतले मादक पदार्थ सेवन गरेको भन्ने प्रतिवादीहरूको बयानमा उल्लेख भएको र अनुसन्धानको क्रममा कागज गर्ने प्रकाश नकर्मीले मौकामा गरेको कागजमा समेत मृतकले चलाएको मोटरसाइकल लडखडाउँदै पल्टेको देखेको भनी व्यहोरा लेखाएको पाइन्छ। राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त शुरू मिसिल संलग्न मृतकको भिसेरा परीक्षण प्रतिवेदनबाट निजले रक्सी सेवन गरेको भन्ने देखिएको हुँदा मृतक रोशन श्रेष्ठ रक्सी सेवन गरी अनियन्त्रित रूपले चलाएको मोटरसाइकल दुर्घटनामा परेको भन्ने सहज र स्वाभाविक निष्कर्षमा पुग्न मिल्ने अवस्था देखिने।

जाहेरवाला भाइकृष्ण श्रेष्ठ मृतकका पिता र प्रतिवादीहरू उपर गढाउ गरी व्यहोरा लेखाउने मोहनदेवी श्रेष्ठ मृतकको आमा हुन् भन्ने देखिन्छ। निजहरूले घटना प्रत्यक्ष देखेको अवस्था छैन। अनुमानको आधारमा जाहेरी दिएको र बकपत्र गरेको अवस्था छ। साथै निजहरूले अनुमान गरी लेखाएको कुराको एकमात्र आधारमा टेकी अभियोग दायर भएको छ। प्रतिवादीहरूले यो यस तरहले मृतकलाई कर्तव्य गरी मारेको भन्ने कुराको चित्रण हुने स्पष्ट

आधारसहित अभियोग पेश हुन नसकेको यस स्थितिमा अनुमान र शंकाको भरमा ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी कसूर गरेको ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. २०६६-CI-०३६४, फैसला, तायदाती र बण्डा मुचुल्का बदर, *ठग साह कानू वि. सिम्रिखिया कनुइन*

प्रत्यर्थी प्रतिवादीले अंश मुद्दाको तायदातीमा उल्लेख गरी मिति २०६०।१२।२ को फैसलाबमोजिम निजले बण्डा छुट्ट्याई लिन पाउने ठहरेको कि.नं. ५१ को दक्षिणतर्फको ०-०-३ घर जग्गा नै पठा साहले मिति २०६१।६।४ को हालैको बकसपत्रमार्फत् निजका छोरा पुनरावेदक ठग साहलाई हक हस्तान्तरण गरेको देखिन आएको छ । त्यस्तै कि.नं. ५१ को घरजग्गा अंश मुद्दाको तायदातीमा देखाई बण्डा गराएको सम्बन्धमा सो जग्गा नापी गराउने पाठा साहको फैसला बदर मुद्दा परेको भन्ने पनि देखिन नआई निजबाट बकसपत्र लिने पुनरावेदक ठगले प्रस्तुत मुद्दा दायर गरेको देखिन्छ । पुनरावेदन जिकीरअनुरूप कि.नं. ५१ को घरजग्गामा पुनरावेदकका पिता पाठा साहको मात्र एकलौटी हक लाग्ने भई प्रत्यर्थीका पति ब्रम्हदेवको अंश हक नलाग्ने अवस्था भए पाठा साहलाई प्रतिवादी नबनाई दायर गरिएको उक्त अंश मुद्दाको फैसला बदरमा प्रचलित कानूनबमोजिम नालेस गरी आफ्नो हक कायम गराउन सक्नुपर्नेमा सोही जग्गामध्ये दक्षिणतर्फको ०-०-२ जग्गाबाट प्रत्यर्थी सिम्रिखिया कनुइनले अंश पाउने ठहरी पर्सा जिल्ला अदालतबाट मिति २०६०।१२।२ मा फैसला भैसकेपछि आफ्नो हक नै नरहेको घरजग्गा मिति २०६१।६।४ मा पुनरावेदक वादीलाई हक हस्तान्तरण गरेको कार्य नै कानूनसम्मत् देखिन नआएकोले वादी दावी नपुग्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. २०६६CI-०३६५, लिखत बदर, *पाठा साह कानू समेत वि. सिम्रिखिया कनुइन*

प्रत्यर्थीले अंश मुद्दाको तायदातीमा उल्लेख गरी मिति २०६०।१२।२ को फैसलाबमोजिम निजले बण्डा छुट्ट्याई लिन पाउने ठहरेको समेत कि.नं. ५१ को दक्षिणतर्फको ०-०-३ घर जग्गा नै पुनरावेदक पाठा साहले मिति २०६१।६।४ मा हालैको बकसपत्रमार्फत् पुनरावेदक ठग साहलाई हक हस्तान्तरण गरेको देखिन आएको छ । पुनरावेदन जिकीरअनुरूप कि.नं. ५१ को जग्गामा पुनरावेदक पाठा साहको मात्र एकलौटी हक लाग्ने भई प्रत्यर्थीका पति ब्रम्हदेवको अंश हक नलाग्ने अवस्था भए पाठा साहलाई प्रतिवादी नबनाई दायर गरिएको उक्त अंश मुद्दाको फैसला बदरमा प्रचलित कानूनबमोजिम नालेस गरी आफ्नो हक कायम गराउन सक्नुपर्नेमा अंश मुद्दाको फैसलाबाट हक समाप्त भैसकेको दक्षिणतर्फको ०-०-२ घर जग्गा समेत उल्लेख गरी मिति २०६१।६।४ मा बकसपत्र लिनु दिनु गरेको कार्य कानूनसम्मत् देखिन नआएकोले वादी दावीबमोजिम लिखत बदर हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. २०६६-CI-०७३६, लिखत बदर, *नारायणभक्त फागुलू समेत वि. विष्णु फागुलू समेत*

छुट्टी भिन्न नभए तापनि पुनरावेदक प्रतिवादी २०५०।९।१० देखि नै बाबु आमासँग नबसी अलग्गै बस्दै आएको भन्ने तथ्य फिरादपत्रमा नै उल्लेख गरेको देखिन्छ । साथै छोरा फिरादीले घर व्यवहारमा कुनै सहयोग नगरी अलग्गै बस्दै आएको र सम्पूर्ण घरव्यवहार आफूले नै चलाउँदै आएको हुँदा श्रीमतीको औषधोपचार गर्नको लागि  जग्गा राजीनामा गरेको भन्ने प्रत्यर्थी प्रतिवादीको जिकीरलाई पनि पुनरावेदक वादीले अन्यथा हो भनी खण्डन गर्न सकेको पाइँदैन । विवादको कि.न. ३६८ को जग्गा पुनरावेदकका पिता विष्णु फागुलूले मिति २०४५।१।३० मा तेजबहादुर चित्रकारबाट राजीनामा गरी लिएको निजको पालाको आर्जन भएको

देखिँदा अंशबण्डाको १९(२) नं. बमोजिम आफूखुशी गर्न पाउने ।
इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. २०६६-CI-०९३४, लिखत दर्ता बदर, दर्ता कायम, *होमनाथ गौतम समेत वि. देवकुमार सिँह समेत*

अंशबण्डाको १९(१) र (२) नं. को कानूनी व्यवस्थालाई निरपेक्ष रूपमा सगोलका अंशियारको हक अन्यथा गर्न पाउने घरमूलीको विशेषाधिकारका रूपमा नभई उनीहरूको हकहितको संरक्षण र सम्बर्द्धनको निमित्त अधिकार दिएको सापेक्ष अर्थमा ग्रहण गरिनु पर्दछ । त्यसैले यस प्रकारको विवादमा मुख्यतः घरको मुख्य व्यक्तिले गरेको व्यवहार सगोलका अंशियारको हक हितमा केन्द्रित रहेको छ, छैन भन्ने कुरालाई केन्द्रबिन्दुमा राखेर हेर्ने गरिन्छ । यस दृष्टिकोणबाट प्रस्तुत विवादमा महावीर गन्ताइले सगोलको प्रायः सम्पूर्ण सम्पत्ति हक हस्तान्तरण गरेको क्रियालाई सगोलका अंशियारको हक हितको निमित्त अर्थात् घर व्यवहार चलाउनको लागि गरेको मान्न सकिने अवस्था नहुँदा उक्त कार्यमा मञ्जूरी नहुने अंशियारको हक जतिको जग्गाको लिखत बदर हुने ।
इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. २०६७-C-०१६५, दूषित लिखत दर्ता बदर, *महेन्द्र यादव वि. रामनरेश साह*

जगदेवले अघिबाट जंगवीरलाई राजीनामा पारीत गरी दिएको जग्गामध्येबाटै पुनः दोहोरो लिखत गरी पुनरावेदक महेन्द्र यादवलाई २०३२ सालमा राजीनामा गरिदिएको देखियो । मिति २०२६।७।१९ को लिखतबमोजिम जगवीरले दाखेल खारेज नामसारी गराउन सकिने भन्ने नदेखिए पनि मुलुकी ऐन, रजिष्ट्रेशनको ३२ क. नं. ले जहिलेसुकै पनि दाखिल खारेज गराउन सक्ने कानूनी व्यवस्था गरेको देखिँदा हदम्याद नघाई नालेस गर्न आएको भन्ने अवस्था पनि देखिएन । रजिष्ट्रेशनको ३४क. नं. अनुसार जेठो लिखतले कानूनी मान्यता पाउने देखिँदा पछिबाट दोहोरो पारी गरिदिएको लिखत कायम रहन नसक्ने ।
इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

९

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री कमलनारायण दास,** दे.पु.नं. ०६४-CI-०५५५, हक कायम समेत, *अ.वा. मुकुन्दकृष्ण श्रेष्ठ वि. सेतीमाया बाडे समेत*

विवादित जग्गा प्रतिवादीहरूको नाममा नामसारी गर्ने गरी २०३०।४।२१ मा भएको निर्णयउपर २०५६।१२।१५ मा फिराद दिएको अवस्था समेत विशेष विचारणीय हुन आएको छ । एकाको हकको जग्गा अन्य व्यक्तिको नामसारी दर्ता समेत गरी लगेको अवस्थामा सो जग्गा नामसारी हुँदाका बखत कायम रहेको जग्गा पजनीको तत्कालीन १७ नं. र जग्गा मिच्नेको १८ नं. मा व्यवस्थित दुई वर्षको हदम्यादभित्रै फिराद दिनुपर्ने ।
इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- दे.पु.नं. ०६४-CI-०५५७, कुत बाली भराइपाऊँ, *अ.वा. मुकुन्दकृष्ण श्रेष्ठ वि. सेतीमाया बाडे समेत*
- दे.पु.नं. ०६४-CI-०५५८, कुत बाली भराइपाऊँ, *अ.वा. मुकुन्दकृष्ण श्रेष्ठ वि. विकुमान सिँह बाडे*

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६६ सालको RC-००७४, कर्तव्य ज्यान, डाँका, *श्री ५ को सरकार वि. हिमाल गुरुङ*

मौकाको साविती बयानलाई घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का, लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनहरूले एकआपसमा Corroborate गरेको अवस्थामा मौकाको बयान प्रमाणग्राह्य नै देखिन्छ । यस परिदृष्यमा मौकाको बयान, तथ्यपरक र अन्य मिसिल संलग्न प्रमाणहरूबाट एकआपसमा मिले भिडेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क)(२) बमोजिम प्रमाणको लागि ग्रहणयोग्य नै देखिन्छ । यस स्थितिमा निज हिमाल गुरुङ्गलाई अभियोग दावीबमोजिम कर्तव्य ज्यान र डाँकामा समेत सजाय हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५ सालको CI-०९०५, अंश मिलापत्र लिखत बदर चलन, *विन्दुदेवी श्रेष्ठ समेत वि. सनम श्रेष्ठ समेत*

मुलुकी ऐन, अंशबण्डाको महलको ३, ४ र ५ नं. को व्यवस्थाअनुसार पत्नी र छोराछोरीहरूले पनि पिताको अंश हकबाट अंश पाउने देखिन्छ । पिता पतिले आफूले पाउनुपर्ने न्यायोचित् अंश बुझेको छ भने अवश्य पनि तिनका छोराछोरीले बाबु पतिबाट अंश पाउने कुरामा कुनै दुईमत छैन । तर, बाबु पतिले कानूनबमोजिम पाउने न्यायोचित् अंश नबुझी कानूनी रूपमा अंश छोडपत्र गरेको वा लिँदै नलिएको अंश लिएको भनी लिखत खडा गरेको अवस्थामा त्यस्तो अंश छोडपत्र गर्ने वा  नलिएको लिखतबाट अंश लिए पाएँ भनी अंश भरपाई गर्नेका पत्नी छोरा छोरीले आफूहरूले पाउनु पर्ने अंश पति पिताबाहेकको सगोलको अंशियारउपर दावी गर्न नसक्ने भन्न मिल्दैन । अंशको हक नैसर्गिक हक हो । कसैले आफ्नो हक छोडपत्र गर्दा अरूको अंश हक पनि गुमेको अर्थ गर्ने हो भने नैसर्गिक हकबाट बञ्चित हुन पुग्दछ । यहाँ के कति अंश बुझेको छ र समस्त सम्पत्तिको तुलनामा उसले बुझेको सम्पत्ति न्यायोचित् छ भने मात्र उसका श्रीमती छोराछोरीले अरू अंशियारबाट दावी गर्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५-CI-०९०६, बकसपत्र लिखत दर्ता बदर दर्ता, *विन्दुदेवी श्रेष्ठ वि. सनम श्रेष्ठ समेत*

प्रतिवादी नीता श्रेष्ठका नाम दर्ताको कि.नं. १४३ र १४४ को मिति २०६०।१।२३ को लिखतबमोजिमको जग्गा समेत सगोलकै देखिई यी वादीहरूको समेत यस जग्गामा अंशहक लाग्ने नै देखियो । सगोलको वादीहरू समेतको अंश हक लाग्ने जग्गा वादीहरूको मञ्जूरीबेगर प्रतिवादीहरूले हालैदेखिको बकसपत्र पारीत गरी लिनुदिनु गरेको हुँदा दावीको लिखतको जग्गालाई ४ भाग गरी सो ४ भागमध्ये १ भागलाई पुनः ५ भाग गरी सो ५ भागमध्ये ४ भागको नरम करम गरी लिखत र दर्ता बदर गरी वादीहरूको नाउँमा दर्ता हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६-CI-०४७७, अंश, *जसोदियादेवी यादव वि. गुलोदेवी यादव समेत*

वादीका लोग्ने बेचुवाले प्रस्तुत मुद्दाका प्रतिवादीको ससुरा खुशी यादवलाई आफ्नो अंश भागको जमीन भनी घर हदमुनिको राजीनामाबाट जग्गा बिक्री गरेको पाइयो । यदि वादीको पति र प्रतिवादीका लोग्नेबीच घरसारमा बण्डा नभएको भए यसरी एकासगोलका परिवार सदस्यबीच राजीनामाको लिखत गर्नुपर्ने अवस्था आउने थिएन । यी वादी प्रतिवादीकछस पतिहरूबीच ५० औं वर्ष पहिलेदेखिको व्यवहार प्रमाणबाट बण्डा भै अलग-अलग बसी आ-आफ्नो गरी आएको परिप्रेक्ष्यमा बण्डा नभएको अर्थ गर्ने हो भने अंशबण्डाको ३० नं. को विपरीत हुन जाने हुँदा प्रतिवादीबाट अंश पाऊँ भन्ने वादी दावी पुग्न  नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-WH-०००२, बन्दीप्रत्यक्षीकरण, *राकेशकुमार शाह वि. पर्सा वन्यजन्तु आरक्षण कार्यालय, आधाभार, बारा समेत*

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अपराधमा आफूउपर दायर भएको मुद्दामा मुद्दा हेर्ने अधिकारीको अनुपस्थितिमा सोभन्दा मुनिका अधिकृतले निमित्तको हैसियतले गरेको थुनछेकको आदेश गैरकानूनी छ भनी निवेदकले दावी लिएको तर त्यस्तो अन्तरकालीन आदेश निजले गर्न नपाउने वा निमित्त संरक्षण अधिकृतलाई मुद्दा हेर्न रोक लगाएको भन्ने स्पष्ट कानूनी आधार देखाउन सकेको पाइदैन । यस्तो अवस्थामा निमित्तले गरेको थुनछेकको आदेशमा अधिकारक्षेत्रको अभाव रहेको भन्न नमिल्ने र थुनछेकका आदेशमा चित्त नबुझेमा पुनरावेदन सुन्ने अदालतमा मुलुकी ऐन, अ.बं. १७ नं. अनुसार निवेदन दिन सकिनेमा सो उपचारको मार्ग अवलम्बन नगरी परेको प्रस्तुत रिट निवेदनको सम्बन्धमा अरू विचार गरिरहनु नपर्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल साउन २५ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको WO-०५९८, उत्प्रेषण, *कपिलदेव यादव वरै वि.आनन्दप्रसाद वरै समेत*

विवादित कि.नं. ८४४ को मोही जग्गा बाँडफाँडमा जग्गाधनीको निवेदन परी जग्गाधनी तथा मोही दुबै पक्षको बाँडफाँडमा आपसी विवाद भएपछि सो विवादित कुराको सम्बन्धमा यकीन गरी बाँडफाँड गरेको अवस्था नहुँदा भूमिसुधार कार्यालय, पर्साको मिति २०६३।७।३० को निर्णय कानूनबमोजिम भएको नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब उक्त विवादित जग्गामा कानूनबमोजिम जो बुझ्नु पर्ने बुझी बाँडफाँड सम्बन्धमा पुनः निर्णय गर्नु भनी भूमिसुधार कार्यालय, पर्साको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको WO-१०२४, उत्प्रेषणयुक्त परमादेश, *कुलमानसिँह थापा वि. जिल्ला भूमिसुधार कार्यालय, बाँके समेत*

निवेदकको नाममा जग्गा कायम हुँदा मोही हकबाट विपक्षी मोही वृजा अहिरलाई निष्काशन गरेको नभई मोही हकसहितको जग्गा नामसारी दर्ता भएको देखिन्छ । जुन कुरालाई निवेदकले अन्यथा भन्न सकेको छैन । विवादित जग्गाका मोहीले आफ्नो मोही हक छाडेको अवस्था पनि छैन । कानूनबमोजिम स्थापित भइसकेको मोहीलाई कानूनबमोजमको प्रक्रियाबाट मात्रै निष्काशन गर्न सकिने हुन्छ । अन्यथा त्यस्तो मोही जग्गा हक हस्तान्तरण भै जो जसका नाममा दर्ता दा.खा. भए पनि मोहीको हकाधिकार समाप्त हुने नभई सुरक्षित नै रहेको मानिने ।

मोही र जग्गाधनी दुबै पक्ष मोही जग्गा बाँडफाँडमा आपसमा सहमति हुन नसके भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६(घ) बमोजिम सम्बन्धित कार्यालयमा निवेदन दिन सक्ने र त्यसरी परेको निवेदनउपर तोकिएको अधिकारीले अनुपस्थित रहेको पक्षलाई झिकाई आवश्यक बुझ्नुपर्ने प्रमाण बुझी नरम गरम मिलाई बाँडफाँड गरी दिन सक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०७०३, फैसला बदर, *बच्चु साह तेली वि. लक्ष्मीदास थारू*

मोहीको मृत्युपश्चात् जग्गाधनीले मोहीका कुनै पनि हकवालालाई भूमिसम्बन्धी ऐन, २०२१ को

दफा २६(१) बमोजिम मोहीको रूपमा पत्याएको भनी भन्न नसकेबाट प्रस्तुत मुद्दामा फिराद दिने हकदैया प्रत्यर्थी वादीलाई भएको नै मान्नुपर्ने ।

विवादको जग्गाका सम्बन्धमा जग्गाधनीले कुत दिलाई मोही निष्काशन गरिपाऊँ भनी मुद्दा दिएको र मोहीको पत्नीले मोही नामसारी गरी जग्गा बाँडफाँड गरिपाऊँ भनी दिएको मुद्दामध्ये बाँडफाँड मुद्दा मुल्तवीमा राखी कुत दिलाई मोही निष्काशन मुद्दामा मात्र निर्णय गरी मोही निष्काशन समेत गरेको मिलेको नदेखिएको हुँदा सो फैसला बदर गरिपाऊँ भनी परेको प्रस्तुत मुद्दामा बाँडफाँड मुद्दा मुल्तवीबाट जगाई प्रमाणको मूल्याङ्कन गरी दुबै मुद्दामा एकैसाथ निर्णय गर्नु भनी पुनः निर्णयको लागि मिसिल शुरूमा पठाउने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल मंसिर २ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६४-CR-०३५५, लागू औषध, *नेपाल सरकार वि. दिनेशप्रसाद कलवार*

प्रतिवादी दिनेशप्रसाद कलवारको घर पछाडि पट्टि कम्पाउण्डमा काठको खाटमा २ ओटा चरेश बनाउने मेशिन र सो मेशिनबाट १०० ग्राम चरेशको धूलो बरामद भएको तथ्य निर्विवाद रूपमा पुष्टि भइरहेको अवस्था हुँदा दिनेशप्रसाद कलवारले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसूर गरेको देखिन आएकोले निजलाई सोही ऐनको दफा १४(१)(घ)(२) बमोजिम तजबीजी सजाय कैद महिना ६ र जरीवाना रू. ५०००।- हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको ०६७-CR-०१९८, भ्रष्टाचार, *हसना कार्की वि. नेपाल सरकार*

माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेशबाट हाइस्कूल परीक्षा वर्ष १९८३ मे अनुक्रमाङ्क ११८४५३६ से छात्र Badri Prasad आत्मज Ram Muat सम्मिलित भएको भनी आधिकारिक जवाफ आएको देखिन्छ । यस्तो जवाफबाट निज हसना कार्की माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश इलाहवादको हाइस्कूल परीक्षा वर्ष १९८३ अनुक्रमाङ्क ११८४५३६ को परीक्षार्थी नै नरहे नभएको यस्तो अवस्थामा निजले सो परीक्षामा सामेल भै पास गरेको भनी पेश दाखिला गरेको शैक्षिक योग्यताका ती प्रमाणपत्रहरू सक्कली र सत्य हुन् भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६३-WO-०९२९, उत्प्रेषणयुक्त परमादेश, *छेदीलाल माझी समेत वि. भूमिसुधार कार्यालय, सुनसरी समेत*

भूमिसुधार कार्यालय सुनसरीले जग्गा बाँडफाँडसम्बन्धी निर्णय गर्दा भै आएको सर्जमीन व्यहोरालाई समेत आधार मानी जग्गा बाँडफाँडसम्बन्धी निर्णय गरेको जग्गा बाँडफाँड गर्दा मोहीको निवेदनको भरमा मात्र बाँडफाँड गरेको नभै बाँडफाँडको निवेदनपश्चात् दुबै पक्षका कुरा बुझी एवं बुझ्नुपर्ने स्थलगत सर्जमीन समेत बुझी सर्जमीनका आधारमा नरमकरम मिलाई निर्णय गरेको अवस्था मिसिल संलग्न कागजातबाट देखिएको हुँदा उक्त बाँडफाँडसम्बन्धी भएको भूमिसुधार कार्यालय, सुनसरीको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४-WO-०५३७, उत्प्रेषणयुक्त परमादेश, *सुलोचना मलेकू वि. किशोर शाक्य समेत*

नक्सा पासबमोजिम नभएको निर्माण कार्यलाई भत्काउन सक्ने वा नक्साबमोजिम गर्न लगाउन उपमहानगरपालिकाले सक्ने नै हुँदा निवेदकको निर्माण भएको कार्य नभत्काई पर्खाल बन्द गर्ने निर्णय गरेको

र सो निर्णयको कार्यान्वयन समेत भइसकेको भन्ने भनाई उपमहानगरपालिकाको तर्फबाट व्यक्त भएको देखिन्छ । यसबाट पनि निवेदकले भनेबमोजिम र माग गरेबमोजिम अवस्था र स्थितिमा परिवर्तन भई निवेदकले पास गरेको नक्साबमोजिम नै कायम हुन आएको देखिन्छ । अतः विपक्षी ललितपुर उपमहानगरपालिकाले निवेदकलाई बनाउन स्वीकृति दिएको मापदण्डअनुसार मिलाउन आदेश दिई जानकारी दिएको कुराको म्याद तामेल भएको हुँदा आपत्ति भए निवेदकले अविलम्ब उपचार खोज्न म्यादभित्रै पुनरावेदन गर्नुपर्ने ।

इजलास अधिकृत: श्रीप्रसाद सञ्जेल

कम्प्युटर: भवानी ढुंगाना

इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-WO-०८४६, उत्प्रेषणयुक्त परमादेश, *भक्तबहादुर राई वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय समेत*

केही व्यक्ति मिली सहकारी खोल्ने, सहकारीको नाउँमा अन्य बैंक तथा वित्तीय संस्थामा शेयर लिई सञ्चालक बन्ने र उक्त बैंक तथा वित्तीय संस्थाबाट प्रचलित कानूनविपरीत निक्षेप समेत लिई सर्वसाधारणलाई ठगी गर्ने एवं बैंकिङ्ग कसूरजन्य कार्यलाई रोक्ने दायित्व बैंकिङ्ग तथा वित्तीय संस्थाको नियामक संस्था नेपाल राष्ट्र बैंकको भएकोले नेपाल राष्ट्र बैंकको अनुरोध एवं सहकारी संस्थाहरूको नियामक निकाय सहकारी विभागको निर्णयको आधारमा निवेदक नेपाल सहकारी संस्था लिमिटेडका विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा रहेको खाताहरू रोक्का गर्ने कार्यले निवेदक संस्थाको संवैधानिक एवं कानूनी हकमा आघात पुग्न गएको अवस्था नदेखिने ।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटर: सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक ८ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६५-WO-०८४५, उत्प्रेषणयुक्त परमादेश, *चन्द्रबहादुर सिँह वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३-WO-१२१२, उत्प्रेषणमिश्रित परमादेश, *कल्पना बराल वि. विद्यालय शिक्षक किताबखाना, ताहाचल, काठमाडौं समेत*

रिट निवेदक तथा विपक्षीमध्येका सरस्वती बराल र अमृता बराल मृतक सूर्यनाथ बरालका पत्नी र छोरीहरू बीच आपसी सहमति भई सहमतिका आधारमा तय गरिएको मापदण्डको कार्यान्वयन समेत गर्दै गई पछि आएर सो आफैँले गरेको सहमति निजको हकमा बन्धनकारी हुने हुँदाको सोको विपरीत जान नसक्ने भै निवेदक विबन्धित हुन्छ । तसर्थ, विद्यालय शिक्षक किताबखानाबाट तीन भागको एक भाग पारिवारिक निवृत्तिभरण पाउने मृतककी पत्नी यी निवेदक र बाँकी भाग निज मृतककै एकासगोलका विपक्षी अविवाहित छोरीहरूलाई निजहरू बीच कायम भएको आपसी सहमतिकै आधारमा दिइने गरी मिति २०६३।६।२७ मा जारी पारिवारिक निवृत्तिभरण अधिकारपत्र गैरकानूनी र गैरसंवैधानिक नदेखिने ।

इजलास अधिकृत: श्रीप्रसाद सञ्जेल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-३५८८, उत्प्रेषण, *रमणकुमार सिँह वि. भूमिसुधार कार्यालय, सप्तरी राजविराज समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को (संशोधनसहित) दफा २६घ हेर्दा जग्गाका जग्गावाला र मोही दुबैको आपसी सहमति हुन नसकेमा जग्गा छुट्ट्याई पाऊँ भनी जग्गाधनी वा मोहीको निवेदन परेमा जग्गाधनी वा मोहीलाई झिकाई आवश्यक प्रमण बुझ्नु पर्नेमा सो समेत बुझी नरम गरम मिलाई जग्गाधनी र मोहीलाई आधा आधा हुने गरी बाँडफाँड गरिदिनु पर्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा उक्त दफा २६घ को कानूनी व्यवस्थाको रीत पुऱ्याई बाँडफाँड नभएको अवस्था भूमिसुधार कार्यालयको लिखित जवाफ समेतबाट स्पष्ट हुँदा

प्रस्तुत विवादित मोही जग्गाको बाँडफाँड रीतपूर्वकको भन्न नमिल्ने ।

भूमिसम्बन्धी ऐन, २०२१ को (संशोधनसहित) दफा २६घ बमोजिम जे जो बुझ्नु पर्छ बुझी जग्गाको भौतिक प्रकृति के कस्तो छ, स्थलगत नक्सा सर्जमीन समेत गराई नरमगरम मिलाई पुनः निर्णय गर्नु भनी भूमिसुधार अधिकारी सप्तरीका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको CR-०७१७, रहजनी चोरी, *नेपाल सरकार वि. चन्द्रकुमार चौधरी समेत*

नपुग बिगो चोरी गरेको भन्ने हकमा यी प्रतिवादीहरू इन्कार भै बयान गरेको देखिन्छ । जाहेरवालालाई अदालतसमक्ष बकपत्र गर्न उपस्थित गराउन आदेश भएकोमा निजहरू उपस्थित हुन आएको अवस्था देखिन्न । यसरी उपस्थित हुन नआएको अवस्थामा बरामद भई आएको बिगोबाहेक अभियोग दावीमा उल्लिखित नपुग बिगो प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाणित हुन सकेको अवस्था छैन । यस स्थितिमा बरामद भएको बिगो बाहेक बरामद हुन नसकेको पुनरावेदन जिकीरबमोजिमको बिगो रू. २४,६५८।- वस्तुनिष्ठ र तथ्यगत आधार प्रमाण बेगर यिनै प्रतिवादीहरूले चोरी गरेको भनी अनुमानको भरमा अर्थ गर्नु न्यायसम्मत् नदेखिएको अवस्थामा सैनिक विशेष अदालतबाट बरामद भएको रू. ४३,३७०।- बराबरको धनमाल चोरी गरेको भनी चोरीको महलको १ र ५ नं. को अनुसारको कसूर ठहऱ्याई नपुग बिगो रू. २४,६५८।- को हकमा अभियोग दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या श्री भरतराज उप्रेती**, ०६४-WO-०५८४, उत्प्रेषणयुक्त परमादेश, *माहिली बुढाथोकी वि. निर्मला बुढाथोकी समेत*

निवेदिकाका पति रामचन्द्र बुढाथोकीले सगोलबाट आ-आफ्नो भाग अंश बुझी लिएको भन्ने अंश मुद्दाको फैसलाको प्रतिलिपि समेतबाट देखिँदा विपक्षी निर्मला बुढाथोकीका नाममा कि.नं. ३५१ को जग्गाको मोही नामसारी तथा जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड हुने गरी भूमिसुधार कार्यालय, भक्तपुरबाट भएको मिति २०६४।५।२४ को फैसला र त्यसको आधारमा भएका अन्य काम कारवाहीबाट यी निवेदिकाको कुनै संवैधानिक तथा कानूनी हक हनन् भएको नदेखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल कात्तिक १ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या श्री वैद्यनाथ उपाध्याय,** ०६७-CI-११४६, अवैध मोही लगत कट्टा, *खुशबहादुर सिजापती वि. बिलट मियाँ*

भूमिसुधार कार्यालय, नापी शाखा वा मालपोत कार्यालयको स्रेस्तामा प्रत्यर्थीको बाबुको नाम मोहीको हैसियतले पछिल्लो समयमा जनिएको नभई नापीकै समयदेखि साविक स्रेस्तामा नै जोताहाको नाममा इद्रिस मियाँ जनिएको मिसिल संलग्न दर्ता स्रेस्ताबाट देखिएकोले वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६७-CI-११४५, मोही नामसारी, *खुशबहादुर सिजापती वि. बिलट मियाँ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**इजलास नं. ५**

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०६७५, अंश, *हुमबहादुर कामी वि. गोविन्दे कामी*

कुनै पनि सम्पत्ति प्रतिवादी आफैंले आफ्नो निजी मेहनत, श्रम, सीप, ज्ञान र बौद्धिक क्षमताको प्रयोग गरी स्वआर्जनबाट कमाई गरेको अवस्थाको देखिन आएमा मात्र बण्डा नलाग्ने हुन्छ। प्रस्तुत मुद्दामा यी दाजुभाइ र बाबुबीच बाबुको जीवनकालमै अंशबण्डा भएको नदेखिएको स्थितिमा एकासगोलको परिवारका सदस्यमध्ये जो जसको नामबाट जे जस्तो तरिकाले हस्तान्तरण भै आएको भए तापनि पैत्रिक सम्पत्तिमा सम्पूर्ण अंशियारको बराबर हक लाग्ने हुन्छ। पैत्रिक सम्पत्ति कुनै एकजना छोराका नाममा कुनै तरहले हस्तान्तरण हुँदैमा सो सम्पत्तिबाट सोही बाबुको अर्को छोराले अंश पाउँदैन भन्नु कानूनसम्मत् हुँदैन। एउटै बाबुका दुई छोराले बाबुको पैत्रिक सम्पत्तिमा बराबर अंशबण्डा गरी खान पाउनु नै न्यायसँगत हुने।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: निर्मला भट्ट

इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम्।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** फौजदारी पुनरावेदन नं. ०६६-CR-०००६, CR-०००७, CR-००१५, कर्तव्य ज्यान, *आदित्य मुखिया समेत वि. नेपाल सरकार, सुशील के.सी. वि. नेपाल सरकार, श्रीधर खड्का वि. नेपाल सरकार*

प्रतिवादीहरू समूहगत रूपमा रहेको र सबै प्रतिवादीहरू वारदातमा संलग्न भएको अवस्थामा कुन प्रतिवादीले के भन्यो भन्नेतर्फ कसैले चासो दिएको र कसैले चासो नदिएको वा कसले कुन प्रतिवादीबाट के भनेको सुन्यो वा सुनेन भन्ने कुरा कर्तव्य ज्यान मुद्दाको कसूर निर्धारणमा प्रासंगिक हुन आउँदैन। वारदातमा संलग्न भएका प्रतिवादीहरूको क्रियामा फरक नपारी बकपत्र गर्ने, अभियोजन पक्षका साक्षीहरूको भनाइलाई कसूर निर्धारणको सम्बन्धमा कुरा बाझिएको भन्न मिल्ने देखिन नआउने।

एउटै समूहमा सँगै हिँडेको अवस्थामा कसैउपर आक्रमण गर्न पूर्व रिसइवी वा अन्य खास कारण नभए पनि साथीभाइको आग्रह तथा समूहगत मेलको कारण तत्काल मनसाय तत्वको सिर्जना हुन नसक्ने भन्न सकिन्न। समूहगतरूपमा हिँडेको अवस्थामा कुनै एक सदस्यको आग्रह वा उक्साहटलाई स्वीकार गरी कानूनले बर्जित गरेको कार्यमा संलग्न हुनुबाट मनसाय तत्वको सिर्जना हुन्छ। घटना घटेको प्रत्यक्षदर्शी व्यक्तिले देखेको अथवा प्रत्यक्ष प्रमाण भएको अवस्थामा कसूर स्थापित गर्नको लागि प्रतिवादीमा मृतकलाई मार्नुपर्ने खास कारण वा मार्न उत्प्रेरित गर्ने तत्व थियो वा थिएन भनी खोजी गरिरहनु आवश्यक नहुने।

घटना वारदातको प्रत्यक्ष प्रमाण नभएको र घटना परिस्थितिजन्य प्रमाणमा आधारित रहेको अवस्था भएको खण्डमा कसूर स्थापित गर्न प्रतिवादी र मृतकबीचका पूर्व इवि, लाग वा वारदात घटाउने आवश्यक मन मुटावका कुराहरू वा प्रतिवादीमा मृतकलाई मार्नुपर्ने खास कारण वा मार्न उत्प्रेरित गर्ने तत्व थियो वा थिएन भन्ने कुराको खोजी प्रासंगिक हुन आउँदछ। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू श्रीधरले मृतकलाई छुरी हान्ने र अन्य प्रतिवादीहरूले मृतकलाई हात, खुट्टा टाउको समेतका भागमा समाई नियन्त्रणमा लिई छुरी हान्न सहज बनाई मार्ने क्रियामा संलग्नता रहेको भन्ने यी प्रतिवादीहरूको कसूरलाई मिसिल संलग्न प्रत्यक्ष प्रमाणबाटै पुष्ट्याई भैरहेको अवस्थामा कसूर निर्धारणको सम्बन्धमा कुनै प्रतिवादीको मृतकसँग पूर्व इवी वा मार्नेपर्ने सम्मको कटुता वा आसय थियो थिएन भनी विचार गर्नुपर्ने नदेखिने।

मिसिल संलग्न प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी श्रीधर खड्काले मृतक सुजिन महर्जनलाई छुरी हानेको र सोही छुरी प्रहारबाट भएको रक्तस्रावको कारण मृतकको मृत्यु भएको भन्ने देखिन आएको अवस्थामा निज प्रतिवादी श्रीधर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. १३(१) नं. को कसूरमा सोही महलको १३(१) नं बमोजिम सजाय हुने तथा अन्य प्रतिवादीहरू एसी मुखिया भन्ने आदित्य मुखिया, बलदेव खड्का, अजय खड्का सुशील के.सी. र भरत श्रीमालीले मृतकलाई नियन्त्रणमा लिई छुरी

हान्न सहज बनाएको देखिन आएकोले यी प्रतिवादीहरूले सोही महलको १३(४) नं. अनुरूप सजाय हुने ।

सामान्य प्रतिशोधको भावनास्वरूप साथीको लहलहैमा घटना घटेको अवस्थासमेतका परिस्थितिलाई विचार गर्दा यी प्रतिवादीहरूलाई कानूनबमोजिमको सजाय तोक्दा चर्को पर्न जाने भै न्यायसँगत हुने देखिन आएन । मृतकउपर प्रतिवादी श्रीधर खड्काले छुरी प्रहार गरेको र निजकै छुरी प्रहारबाट रक्तस्राव भै मृतकको मृत्यु भएको देखिन्छ । अन्य प्रतिवादीहरूले मृतकलाई नियन्त्रणमा लिई हात खुट्टा समाई छुरी प्रहार गर्न सहज वातावरण बनाई दिएको भन्ने देखिएको अवस्थामा मृत्युवरण गराउने गरी छुरा प्रहार गर्ने र छुरी प्रहार नगर्ने प्रतिवादीहरूलाई समानरूपमा सजाय घटाउनु न्यायसँगत् हुँदैन । वारदातको प्रकृति र अपराधमा प्रतिवादीहरूको सहभागितालाई विचार गर्दा प्रतिवादी श्रीधर खड्कालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद गर्नु मनासिब देखिएको र अन्य प्रतिवादीहरूलाई सोही नं. बमोजिम १० वर्ष कैदको सजाय गर्दा न्यायसँगत र विवेकसंगत हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विदुषी रायमाझी/प्रेमबहादुर थापा
इति संवत् २०६८ साल असोज ६ गते रोज ६ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-WH-००३९, बन्दीप्रत्यक्षीकरण, *सहदेव पाण्डे वि. सोती कालिपोखरी सामुदायिक वन उपभोक्ता समूह सुनखानी वडा नं. ६ भटेली दोलखा समेत*

निवेदक अमृतबहादुर पाण्डेको हकमा निजकै छोरा अधिवक्ता सहदेव पाण्डेले आफ्नो पिता अमृतबहादुर पाण्डेलाई बिना इजाजत रूख काटी हानि नोक्सानी पुऱ्याएको भन्ने मुद्दाको अभियोग लगाई जिल्ला वन कार्यालय, दोलखा चरिकोटले मुद्दा चलाई दोलखा जिल्ला अदालतबाट मिति २०६८।८।१३।२ म थुनछेक आदेश भई मिति २०६८।८।१४ मा धरौटीमा जेथा जमानत गरी तारिखमा रहेकोले प्रस्तुत निवेदन तामेलीमा राखिपाऊँ भनी आजै यसै इजलाससमक्ष लिखित निवेदन दिनु भएकोले प्रस्तुत निवेदनको औचित्यभित्र प्रवेश गरी निर्णय दिई रहनु पर्ने प्रयोजन नै समाप्त भइसकेको अवस्था विद्यमान देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल मंसिर २३ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती, जवर्जस्ती करणी,** ०६५-CR-०२१२, जवर्जस्ती करणी, *जसबहादुर रोक्का क्षेत्री वि. नेपाल सरकार*

पीडितको मौकाको कागज, अदालतमा भएको बकपत्र, पीडितका पतिको मौकाको कागज, वारदात देख्ने रामु वि.क. को र निजको पत्नी गंगा वि.क. को मौकाको कागज, घटनास्थल खेतमा भएको धान मडारिएको, सो स्थानमा रातो चुराका टुक्राहरू फुटेको र पोते चुँडिन गई यत्रतत्र छरिएको अवस्थामा देखिएको भन्ने घटनास्थल प्रकृति मुचुल्का र रामबहादुर वि.क., क माया र निजको पनि ख बहादुरको शरीरका विभिन्न भागमा घाउ चोटपटक तथा नीलडाम समेत भएको भन्ने घाउजाँच केश फाराम तथा पीडितको शारीरिक परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न प्रमाणहरू अन्यथा प्रमाणित नभएको यस स्थितिमा उल्लिखित प्रमाणहरूका आधारमा यी पुनरावेदक प्रतिवादीले आरोपित कसूर गरेको होइन रहेछ भन्न र मान्न नमिली निजले अन्य प्रतिवादीहरू समेत भई सामूहिक रूपमा जवर्जस्ती करणीको आरोपित कसूर अपराध गरेको पुष्टि हुने ।

पुनरावेदक प्रतिवादी जसबहादुर रोक्का क्षेत्रीले दावीबमोजिम क मायालाई जवर्जस्ती करणी गरेकोमा कसूरदार ठहऱ्याई शुरू जिल्ला अदालतबाट भएको फैसला मुलुकी ऐन, जवर्जस्ती करणीको ३(क) नं. बमोजिम सामूहिक अपराध गरेबापत् थप सजाय नगरेको हदसम्म केही उल्टी गरी यी पुनरावेदकलाई शुरूबाट भएको ५ वर्ष कैद समेतको सजायमा यी पुनरावेदक प्रतिवादीले पीडितलाई सामूहिक रूपमा जवर्जस्ती करणी गरेको हुँदा मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३(क) नं. बमोजिम थप ५ वर्ष सजाय हुने ।

इजलास अधिकृतः हरिराज कार्की
इति संवत् २०६८ साल जेठ ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-RC-००३८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रूपा चौधरी समेत*

प्रतिवादी प्रेमलाल चौधरीले अनुसन्धान अधिकारी र अदालतमा समेत बयान कागज गर्दा फरार रहेका प्रतिवादीहरू र आफू समेत भई मृतक सुरेन्द्रकुमार जोशीलाई कारवाही गर्ने भनी सल्लाह गरी मृतकको घरमा गई रातको समयमा मृतकलाई घरबाट बाहिर तानेर ल्याई घरका परिवारलाई बाहिर आउन नदिई अन्य प्रतिवादीहरूले बन्दुकको नट कुन्दाले, खुकुरी लाठी समेतले कुटपीट गरेको र आफूले ४/५ लाठी हानी बेहोस् पारी हिँडेको भनी लेखाएको पाइन्छ । निजको बयान, लास प्रकृति मुचुल्का, लास जाँच प्रतिवेदन तथा प्रत्यक्षदर्शी (Eye Witness) दिलुदेवी जोशी र जाहेरवालाको अदालतमा भएको वकपत्र समेतबाट मृतकको मृत्यु यिनै प्रतिवादी समेतको तर्फबाट भएको पुष्टि भै रहेको देखिन आएकोले प्रतिवादी प्रेमलाल चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसूरदार ठहऱ्याई जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल मंसिर २३ गते रोज ६ शुभम् ।

४

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-RC-००३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लाक्पा शेर्पा*

चिकित्सकले Hanging छुट्ट्याउने मुख्य आधार डाम (Ligature Mark) नै हो भनी बकपत्र गरेको पाइन्छ भन्ने त्यस्तो Ligature Mark मृतकको घाँटीमा थियो भनी शव परीक्षण प्रतिवेदनमा उल्लेख नभए पनि Ligature Mark को स्थानमा घाँटीमा खैरो रंगको खोस्रिएको दाग रहेको देखाएको छ । घटनास्थल तथा लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट मृतकको चिउँडो मुनि घाँटीमा पिल्सिएको घाउ रहेको, टाउकोको बायाँ साइडमा २ से.मी.×३ से.मी. को टुटुल्को रहेको, घाँटीको दायाँ साइडमा खोस्रिएको घाउ रहेको मृतकको लास रहेको कोठाको ओछ्यान तथा कपडाहरू छरपष्ट रहेको, मृतकको बायाँ हातमा सलाइको बट्टा च्यापेको देखिएको र मृतकको मुखबाट ऱ्याल बगेको समेत नदेखिएकोले निज मृतक फुलबुटी शेर्पाको मृत्यु आफै झुण्डिई भएको नभई घाँटी थिची मारी झुण्ड्याएको भन्ने नै यकीन हुन आउने ।

प्रतिवादी लाक्पा शेर्पाले अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रहे पनि अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा वारदातको दिन आफूले डाइस खेलेको र पैसा हारेको विषयमा बेलुका मादक पदार्थ खाई मृतकसँग झगडा गरेको भनी लेखाएको पाइन्छ । मृतकको शरीरमा लागेको चोट पटक वा उक्त कुरा समर्थित नै देखिन्छ । जाहेरवाला ओमराज बरूवाल, मौकामा कागज गर्ने दीपा राई तथा वस्तुस्थिति मुचुल्काका नेत्रबहादुर निरौला समेतले मौकामा गरेको कागजलाई समर्थन गरी अदालतमा गरेको बकपत्र समेतका परिस्थितिजन्य प्रमाणहरू (Circumstanntial Evidences) बाट समेत यिनै प्रतिवादी लाक्पा शेर्पाले मृतक फूलबुटी शेर्पालाई घाँटी थिची कर्तव्य गरी मारी झुण्ड्याएको भन्ने कुरा पुष्टि भइरहेको देखिँदा आरोपित कसूरबाट प्रतिवादी लाक्पा शेर्पालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल २३ गते रोज ६ शभम् ।

५

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट निवेदन नं. ०६४-WO-०४६९, उत्प्रेषणयुक्त परमादेश, *हेमन्त खरेल वि. स्थानीय विकास मन्त्रालय समेत*

निवेदकलाई कुन कानूनको आधारमा कसको अधिकार प्रयोग गरी अवकाश दिने निर्णय गरिएको हो सो खुलाइएको नपाइएको र निवेदकलाई अवकाश दिने गरेको विशिष्ट श्रेणीको अधिकृतको पदको पदावधि किटिएको कानूनी व्यवस्था उल्लेख भएको देखिन्न । नियमावलीमा विशिष्ट श्रेणीको पदको पदावधि पाँच वर्षको हुने भन्ने कानूनी व्यवस्थाको अभावमा बिना कानूनी आधार निवेदकलाई दुर्गम क्षेत्र विकास समितिको विशिष्ट श्रेणीको पदबाट अवकाश दिने गरी भएको

मिति २०६४।८।६ को निर्णय र मिति २०६४।८।७ को पत्र कानूनसम्मत् नदेखिँदा बदर हुने ।

दुर्गम क्षेत्र विकास समिति नियमावली, २०५१ को नियम १४.१(१) मा समितिमा विशिष्ट श्रेणी लगायतका कर्मचारीहरूको अनिवार्य अवकाशको सम्बन्धमा स्पष्ट व्यवस्था भए गरिएको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा १७ को व्यवस्था लागू नहुने हुँदा र रिट निवेदक कार्यरत् रहेको दुर्गम क्षेत्र विकास समितिको विशिष्ट श्रेणीको पदावधि पाँच वर्षको हुने भन्ने व्यवस्था उक्त समितिको नियमावलीमा नभई नियम १४.१(१) मा ५८ वर्ष उमेर पूरा भएको समितिको कर्मचारीलाई समितिको सेवाबाट अनिवार्य अवकाश दिने भन्ने व्यवस्था भएको साथै उक्त ५८ वर्षको उमेरभन्दा पहिले नै विशिष्ट श्रेणीको कर्मचारीले अवकाश पाउने भन्ने व्यवस्था समितिको नियमावलीमा नभएको हुँदा ५८ वर्ष उमेर पूरा नभएमा रिट निवेदक हेमन्त खरेललाई सेवाबाट अवकाश दिने गरी दुर्गम क्षेत्र विकास समितिको मिति २०६४।८।६ को निर्णय र मिति २०६४।८।७ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै उक्त निर्णय र पत्र बदर भइसकेको हुँदा उक्त निर्णय एवं पत्रको कार्यान्वयन नगरी रिट निवेदक हेमन्त खरेललाई निज कार्यरत् रहेको दुर्गम क्षेत्र विकास समितिको विशिष्ट श्रेणीको पदमा निवेदकको उमेर ५८ वर्ष हुँदासम्म कार्य गर्न दिनू र निवेदकले पाउने सम्पूर्ण सुविधाहरू उपलब्ध गराउनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल साउन ३१ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०७२५, उत्प्रेषण परमादेश, *महेन्द्रकुमार यादव वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

श्रेणी नखुलेको शैक्षिक योग्यताका हकमा त्रिभुवन विश्वविद्यालयले प्राप्ताङ्कको आधारमा निर्धारण गरेको श्रेणी कायम गरिने व्यवस्था तत्कालीन निजामती सेवा ऐन, २०४९ को दफा २४(घ) ४ मा रहेको पाइन्छ निजामती कर्मचारीहरूको सेवा शर्तसम्बन्धमा बनेको उक्त निजामती सेवा ऐनमा स्पष्ट व्यवस्था विद्यमान रहेकोमा त्रि.वि.वि. बाट स्तर निर्धारण गराएको समेत नदेखिएको र त्रिभुवन विश्वविद्यालयले प्रकाशित गरेको समकक्षता निर्धारण पुस्तिकामा दशमलव पछि १ अङ्कको आधारमा स्तर निर्धारण गरेको अवस्थामा दशमलव पछि ३ अंकसम्मको गणना गरी आफूलाई कानूनद्वारा प्राप्त नभएको अधिकार प्रयोग गरी निवेदकलाई द्वितीय श्रेणीको अङ्क प्रदान गरेको लोकसेवा आयोगको मिति २०६३।१०।१८ को निर्णय निजामती सेवा ऐन, २०४९ दफा २४(घ) ४ को प्रावधानविपरीत भई रीतपूर्वक भए गरेको नदेखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकलाई लोकसेवा आयोगले बढुवा सूचीबाट नाम हटाउँदा निजको स्नातकोत्तर तहको प्रथम श्रेणीबापत प्राप्त गरेको अङ्कबाहेक अन्य आधार केही पनि नभएको प्रथम श्रेणीबापत प्राप्त गरेको अङ्क घटाउनुपर्ने कारण र आधार स्पष्ट रूपमा उल्लेख नभएको र श्रेणी नखुलेको शैक्षिक योग्यताका हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारण गराई सो आधारमा निर्णय गर्नुपर्नेमा श्रेणी कायम गर्ने सम्बन्धमा ऐन, नियममा तोकिएको प्रावधान समेत पूरा नगरी लोकसेवा आयोगले गरेको निर्णय त्रुटिपूर्ण भएको हुँदा उक्त निर्णयका आधारमा निवेदकको कानूनद्वारा प्रदत्त हकमा आघात परी निवेदकको वृत्ति विकासमा समेत असर पर्न गएको अवस्था देखिन्छ । अतः निवेदकलाई मिति २०६३।१०।१८ गतेदेखि नै जेष्ठता कायम हुने गरी रा.प.द्वितीय श्रेणीको पदमा बढुवा नियुक्ति दिई सो मितिबाट कानूनबमोजिम पाइने तलब भत्ता समेत दिनु भनी बढुवा समितिको सचिवालय, सामान्य प्रशासन मन्त्रालय तथा कृषि तथा सहकारी मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको स.फौ.पु.नं.०६६-CR-०८८२, CR-०१८०, CR-०३१९, CR-०२१८, कर्तव्य ज्यान, *सुनील दर्शनधारी वि. नेपाल सरकार,*

*हिमबहादुर गुरुङ्ग वि.नेपाल सरकार, निमेश प्रधान वि. नेपाल सरकार, जङ्गे भन्ने भक्तबहादुर गुरुङ्ग वि. नेपाल सरकार*

फौजदारी मुद्दामा सबैभन्दा महत्वपूर्ण प्रमाण घटना देख्ने प्रत्यक्षदर्शी साक्षी प्रमाण हो । प्रस्तुत मुद्दामा घटनाका प्रत्यक्षदर्शी व्यक्तिहरू जाहेरवाला पुष्पराज गिरी, मौकामा अनुसन्धानको क्रममा कागज गर्ने विमला गुरुङ्ग, दुर्गाप्रसाद उपाध्याय, राजकुमार बस्नेतले निज प्रतिवादीहरूले होटलमा आई खाएको, मृतकले पैसा माग्दा झगडा परी प्रतिवादीहरूले मृतक रमेशबहादुर स्वाँरलाई छुरा र स्नुकरको लाठी समेतले प्रहार गरेको भनी अनुसन्धानको क्रममा गरेको कागजलाई समर्थन हुने गरी अदालतमा समेत बकपत्र गरिदिएको देखिन्छ। निज प्रतिवादीहरूले मृतक रमेश स्वाँरलाई छुरी र स्नुकरको लाठी समेतले पटक-पटक यत्रतत्र शरीरको विभिन्न भागमा प्रहार गरी सोही चोटको कारण मृतक रमेश स्वाँरको मृत्यु भएको भन्ने चश्मदीद गवाह तथा बरामद भएका दशी प्रमाण समेतबाट पुष्टि हुन आई निज प्रतिवादीहरूले ज्यान मार्ने कसूर गरेको हुँदा प्रतिवादीहरू हिमबहादुर गुरुङ्ग र सुनील दर्शनधारीले अभियोग दावीबमोजिम कसूर गरेको देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादीहरू निमेश प्रधान र भक्तबहादुर गुरुङ्गले ज्यानसम्बन्धी महलको १३(४) नं. को कसूर गरेको पुष्टि हुन आएकोले निजहरू निमेश प्रधान र भक्तबहादुर गुरुङ्गलाई सोही ऐनबमोजिम जनही जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ सालको स.फौ.पु.नं. ०६६-CR-०४१०, बिना इजाजत वन पैदावार हटाएको, *शंकर सिँह वि. नेपाल सरकार*

प्रतिवादी शंकर सिँह नारायणी सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष पदमा रहेको देखिन्छ। सामुदायिक वन उपभोक्ता समूहका जिम्मेवार पदाधिकारी भएका प्रतिवादीले सामुदायिक वनबाट अनियमित रूपमा रूख कटान नियन्त्रण गर्न नसकेको र निजले अन्य व्यक्तिलाई पोल गर्न र कारवाही गर्न समेत सकेको देखिन्न । सामुदायिक वन क्षेत्रभित्र रूख कटान गर्दा वन कार्यालयबाट छपान गराई काट्नु कटाउनु पर्नेमा सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष पदमा रहेका प्रतिवादी शंकर सिँहले छपानबमोजिमका रूखहरू मात्र काट्न कटाउन नसकी आफ्नो कसूर स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको र निजको बयान बरामदी मुचुल्काबाट समर्थित भइरहेको देखिन्छ । प्रतिवादीले वन कार्यालयबाट कानूनबमोजिम छपान गर्न लगाई रूख काट्न लगाउनु पर्नेमा बिना छपान रूखहरू काटी वन पैदावार हटाउने समेतको कार्य गरी हानि नोक्सानी पुऱ्याएको देखिँदा प्रतिवादीको उक्त कार्य उक्त कानूनको प्रतिकूल देखिने ।

प्रतिवादी शंकर सिँहले आरोपित कसूर गरेको देखिँदा निज प्रतिवादी शंकर सिँहलाई अभियोग दावीबमोजिम वन ऐन, २०४९ को दफा ४९ को (घ) बमोजिमको कसूर गरेको ठहर गरी निजलाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम बिगो रू. २,०२,९८६।६० को दोब्बर रू. ४,०५,९७३।२० जरीवाना र ६ महिना कैद हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल भदौ १ गते रोज ५ शुभम् ।

९

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-WO-०३१७, उत्प्रेषण परमादेश, *बतहु दास वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

निवेदकले भ्रष्टाचार मुद्दामा सफाइ पाउने गरी मिति २०६३।१२।१९ मा भएको फैसलाबमोजिम सेवामा पुनर्बहालीको माग गरी दिएको निवेदनमा मागबमोजिम पुनर्बहाली गराउन नमिल्ने भनी कृषि तथा सहकारी मन्त्रालयको मिति २०६४।५।२८ को निर्णय र यी निवेदकले भ्रष्टाचारबाट सफाइ पाएको अवस्थामा सोही आधारमा सेवाबाट हटाउने गरी भएको विशेष प्रहरी विभागको मिति २०४२।१।१६ को निर्णयलाई सदर गर्ने तत्कालीन मन्त्रिपरिषद्को मिति २०४३।२।२८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकको उमेर हदको कारणले सेवामा पुनर्बहाली नपाउने देखिए पनि सेवाबाट हटाइएको मिति २०४२।१।१६ देखि कानूनतः सेवामा बहाल रहन सक्ने मिति २०६४।११।३ सम्मको निजको तलब, भत्ता र तलववृद्धि पाउने भए सो समेत निजामती सेवा ऐन, २०४९ को दफा ७३(२) बमोजिम उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल मंसिर ६ गते रोज ३ शुभम् ।

१०

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-WO-१०३१, उत्प्रेषण समेत, *देवी सापकोटा वि. कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय जोरपाटी समेत*

निवेदकले मिति २०५६।८।२८ मा आफ्नो कि.नं. ३२९ को जग्गा दृष्टिबन्धक दिँदा बैंकको नियमानुसार ऋण चुक्ता हुँदाको दिनसम्म लाग्ने ब्याज तथा अन्य खर्च समेतको दायित्व ऋणी तथा मञ्जूरीनामा दिनेले नबुझाएमा ऋण लिँदा राखिएको धितोबाट असूलउपर गर्नुपर्ने र सोबाट असूलउपर हुन नसके अन्य जायजेथाबाट समेत असूलउपर गर्नुपर्ने भनी निवेदक तथा निजको छोरा ऋणी अर्जुनबहादुर सापकोटाले तिर्नु बुझाउनु पर्ने रकम हिसाब गर्न छूटसम्म भएकोले ऋणीले तिर्नुपर्ने भनी दावी गरेको रकम तिर्नुपर्ने होइन भनी निवेदकले दावी लिन नसकेको, ऋण लिनको लागि मिति २०५५।४।२८ मा आफ्नो नामको जग्गा सुरक्षण दिँदा सोबाट ऋण असूलउपर हुन नसके अन्य सम्पत्तिबाट असूलउपर गर्न यी निवेलकले सहमति दिएको तथा यी निवेदक तथा ऋणी आमा छोरा भई एकै परिवारको सदस्य रहेको समेत देखिएको अवस्थामा बैंकले आफ्नो ऋण असूलउपर गर्ने प्रयोजनको लागि यी निवेदकको कि.नं. ६३२ को जग्गालाई रोक्कासम्म राखेको कर्यले यी निवेदकको सम्पत्तिसम्बन्धी संवैधानिक हक तथा कानूनी हक आघातीत भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल मंसिर ४ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको WO-०१९६, उत्प्रेषण मिश्रित परमादेश, *जयलाल महतो वि. जगरनाथ ठाकुर हजाम समेत*

लेनदेन व्यवहारको ९ नं. को व्यवस्था हेर्दा "यसै महलको ८ नं. बमोजिम मुख्य भै कामकाज गरेकोमा बाहेक अरू अवस्थामा एकाघरका उमेर पुगेको कुनै व्यक्तिले कुनै व्यवहार गरेको रहेछ भने निजले आफैले पाउने धनमा निजको हक नपुगेसम्म साहूले सो धनमा समाउन पाउँदैन । निजले आफूले आर्जन गरेको वा आफूखुशी गर्न पाउने सम्पत्तिबाट मात्र लिन पाउँछ । निजको आफ्नो आर्जनको वा आफूखुशी गर्न पाउने सम्पत्ति रहनेछ भने निजले पाउने धनमा हक नपुगेसम्म धरपकड गर्न पनि हुँदैन । यस्तोमा दश वर्षभित्र नालिस गरी आफ्नो हक कायम गराई राखे मात्र त्यस्तो धनमा निजको हक पुगेपछि साहूले ऐनबमोजिम गरी लिन पाउँछ । त्यस्तोमा आसामीको हक पुगेको मितिले दण्ड सजायको महलको ४२ नं. बमोजिमको भरी भराउको दरखास्त दिने म्याद शुरू हुन्छ" भनी उल्लेख भएको अवस्थामा रोक्का राख्ने आदेश गरेको कि.नं. ६ को ०-०-५ र कि.नं. २२ को ०-०-९ का घरजग्गामा ऋणी रूक्मिणी कुमारीको हक पुगेको नदेखिएको र स्वआर्जनका आफूखुश गर्न पाउने सम्पत्ति पनि नभई रिट निवेदककै हक भोगको देखिएको स्थितिमा लेनदेन मुद्दाका धनीले उक्त घर जग्गा समाउन नमिल्ने ।

निवेदन दावीको सम्पत्तिमा ऋणीको आफ्नो आर्जनको वा आफूखुशी गर्न पाउने अथवा निज ऋणीको हक पुगेको अवस्था नभएको देखिनाले लेनदेन व्यवहारको ८ नं. एवं ९ नं. को व्यवस्थाविपरीत रिट निवेदकको हकको सम्पत्तिमा निजको मञ्जूरी बेगर रोक्का राख्न वा लिलाम गर्न कानूनसम्मत् देखिएन । त्यसकारण निवेदकको हकको सम्पत्ति निजको मञ्जूरी बेगर मिति

२०६५।३।४ मा रोक्का राख्ने गरी भएको तहसिलदारको आदेश एवं सो आदेशलाई सदर गर्ने गरी भएको मिति २०६५।९।१८ को बारा जिल्ला अदालत तथा मिति २०६६।३।२५ को पुनरावेदन अदालत, हेटौंडाको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साथै उक्त रोक्का रहेको घर जग्गा निवेदकको मञ्जूरी बेगर लिलाम हुन नसक्ने हुँदा फुकुवा समेत गरी दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको CR-०३४६, CR-०५२७, भ्रष्टाचार(घूस), *नेपाल सरकार वि. गणेशबहादुर भट्टराई, माधवप्रसाद पराजुली वि.नेपाल सरकार*

एकातिर पत्रकार दिवाकर ज्ञवालीले अदालतसमक्ष बकपत्र गर्दा लेखनदासलाई रू. ४,०००।- दिएको हो, गणेशबहादुर भट्टराईको हातमा पैसा देखेको छैन, घूस लिने दिने बारेमा कुरा भएको थाहा छैन भनी लेखाई दिएको अवस्था पाइन्छ भने अर्कोतिर वादी पक्षले जाहेरवालीलाई उपस्थित गराई बकपत्र गराउन समेत नसकेको स्थितिमा प्रतिवादी गणेशबहादुर भट्टराईमाथिको आरोप प्रमाणित भएको देखिएन । त्यसकारण निज प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिने गरी भएको विशेष अदालतको फैसला न्यायोचित नै देखिँदा सदर हुने ।

गणेशबहादुर भट्टराईले माधवप्रसाद पराजुली र ओमप्रकाश वाग्लेसँग घूस माग नगरेको भनी इन्कारी बयान गरेको र निजको इन्कारी बयान खण्डित हुन नसकेको स्थितिमा प्रतिवादी माधवप्रसाद पराजुलीको साथबाट ओमप्रकाश वाग्लेले दिएको उजूरी निवेदनमा उल्लेख भएबमोजिम नोटहरू बरामद भएको, पत्रकार दिवाकर ज्ञवालीले तयार पारेको श्रव्यदृश्यको सी.डी. मा उक्त रकम यी प्रतिवादीले लिँदै गरेको देखिएको, निजले जाहेरवालाबाट रकम लिएको स्वीकार गरेको, प्रतिवादी गणेशबहादुर भट्टराईको सँग साथबाट रकम बरामद नभएको हुँदा प्रतिवादी माधवप्रसाद पराजुलीको साथबाट बरामद रकम राष्ट्रसेवक कर्मचारीलाई मनाउने बहानामा आफैं लिने खाने उद्देश्यले ओमप्रकाश वाग्लेबाट रिसवत लिएको तथ्य पुष्टि भैरहेको यकीन हुन आउने ।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६८ साल कात्तिक २२ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको WO-०२३०, उत्प्रेषण समेत, *लोकनाथ कोइराला समेत वि. गोपी भन्ने मीना शेर्पा समेत*

एउटै अड्डामा चलेको एउटा मुद्दामा अदालतसमक्ष उपस्थित भई तारिख लिने र अर्को मुद्दामा तारिख गुजारी क्रियामा बसेको जिकीर लिई गुज्रेको तारिख थमाउने सुविधा खोज्नलाई अदालतसमक्ष सफा हात (Clean Hands) लिई आएको भन्न समेत मिल्ने अवस्था नदेखिने ।

लेनदेन मुद्दामा परेको प्रतिउत्तरअनुसार यी प्रत्यर्थी मीना शेर्पाले रूपैया लिनुदिनु गरी कर्जा लिएको भन्ने कुरा इन्कार गरेको र वादीको वारेश धनु चौधरीले अ.बं. ६२(१) अनुसारको सुविधा प्राप्त गर्ने अवस्था नभएको तथा अ.बं. ५९ नं. अनुसार थमाई पाउने म्याद समेत समाप्त भैसकेको अवस्थामा भएको डिसमिस फैसला कानूनसम्मत् नै भएको देखिन आएकोले निवेदन मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्नुपर्ने नदेखिने ।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०२८७, अंश चलन, *सानुभाइ पौडेल वि. अयोध्या पौडेल*

कुनै व्यक्तिले कसैको अंश हकमा प्रतिकूल असर पुर्‍याउने गरी कोहीउपर प्रमाण बेगर हचुवाको भरमा सतित्वमाथि नै लाञ्छना लगाई लिएको जिकीरकै आधारमा कुनै पनि व्यक्तिलाई निजको अंशहकबाट बञ्चित गराउन न्यायसँगत नहुनाले प्रस्तुत मुद्दामा वादी अर्कै व्यक्तिसँग घरजम गरी बसेकी भनी

प्रतिवादीले प्रमाण बेगर लिएको जिकीर आधारहीन रहेको देखिन आउने ।

प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा वादीले उदयबहादुर पौडेललाई पति देखाई नागरिकता लिएको तर आफ्नो दाजु साहिँला पौडेल भएको हुँदा गा.वि.स. ले गरी दिएको नाता प्रमाणित जालसाजी हो भन्ने समेत उल्लेख गरेतर्फ विचार गर्दा प्रतिवादीले अयोध्या पौडेल आफ्नो साहिला दाजुले पत्नी भएको तथ्य प्रतिवाद गर्दा स्वीकार गरेकै पाइन्छ । वादी अन्य व्यक्तिसँग घरजम गरी बसेकी भनी प्रतिवादीले लिएको जिकीर आधारहीन पुष्टि भई वादी अयोध्या पौडेल हालसम्म पनि आफ्नो स्वर्गीय पतिकै श्रीमतीको रूपमा रहेको देखिन्छ यसबाट प्रतिवादीको साहिँला दाजु साहिँला भन्ने उदयबहादुर पौडेल भएको निजको श्रीमती वादी अयोध्या पौडेल भएको तथ्य सम्बन्धित गा.वि.स. बाट सर्जमीन गरी नाता प्रमाणित समेत गरी दिएको तथ्य जालसाजीपूर्ण नभई सही सत्य भएको देखिन आउँछ । त्यसकारण वादी र प्रतिवादीहरू अंशियार नाताका व्यक्तिहरू भएको, निजहरू बीच कानूनबमोजिम अंशबण्डा भइसकेको मिसिल संलग्न प्रमाणबाट पुष्टि नभएको र हाल तीनजना अंशियारहरू हुँदा वादीले प्रतिवादीहरूबाट आफ्नो हकको तीन भागको एक भाग अंश छुट्टयाई लिन पाउने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६५ सालको दे.पु.नं. ०६५-CI-०२८८, जोत नामसारी, *सानुभाइ पौडेल वि. अयोध्या पौडेल*
- २०६५ सालको दे.पु.नं. ०६५-CI-०३६१, जोत नामसारी, *सानुभाइ पौडेल वि. अयोध्या पौडेल*
- २०६५ सालको दु.फौ.पु.नं. ०६५-CR-०३०६, गाली बेइज्जती, *सानुभाइ पौडेल वि. अयोध्या पौडेल*
- २०६५ सालको दु.फौ.पु.नं. ०६५-CR-०३०७, गाली, *सानुभाइ पौडेल वि. अयोध्या पौडेल समेत*

५

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री भरतराज उप्रेती,** २०६८ सालको WH-००१३, बन्दीप्रत्यक्षीकरण, *राधा के.सी. वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ अनुसार अन्य कानूनबमोजिम मुद्दा चलेको अवस्थामा समेत भ्रष्टाचार निवारण ऐनबमोजिम छुट्टै मुद्दा चलाउन सकिने प्रावधानअनुरूप विशेष अदालतमा प्रचलित कानूनको प्रावधानबमोजिम चलाएको विषयलाई नेपालको अन्तरिम संविधान, २०६३ को आधारमा Double Jeopardy भन्न सकिने स्थिति छैन । त्यसैगरी निवेदकले आफूलाई थप मुद्दा लगाउनु छ भनी विपक्षीबाट पुनः नियन्त्रणमा लिने कार्य भएको भनी निवेदनमा उल्लेख गरे पनि के कुन मुद्दा लगाई नियन्त्रणमा लिन खोजेको हो सो कुरा निवेदनमा खुलाउन नसकेको अवस्था एकातिर छ भने अर्कोतिर पछि पर्ने अमूक मुद्दा के कुन हुन सक्छन् र तिनीहरूको के कस्तो कानूनी अवस्था हुन्छ भन्ने सम्बन्धमा पनि पूर्व अनुमान गरी बोल्नु न्यायसँगत हुन सक्दैन । अतयव मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिँने ।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६८ साल भदौ २७ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट निवेदन नं. ०६५-WO-०८५३, उत्प्रेषण परमादेश, *सुशीलाकुमारी यादव वि. श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

शिक्षक छनौट समितिको मिति २०६३।१०।२८ को बैठक र विद्यालय व्यवस्थापन समितिको मिति २०६३।१०।२९ को बैठकको अध्यक्षता रामनाथ यादवले नगरेको साथै उक्त बैठकमा भएको निर्णयमा भएको हस्ताक्षर निज रामनाथ यादवको नभएको पुष्टि भई निवेदिकाको मिति २०६३।११।१ को प्रा.वि. शिक्षकको नियुक्ति नै गैरकानूनी भएको पुष्टि भएको, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग

अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम निवेदिकाको नियुक्ति बदर गरी दुष्परिणाम सच्याउन जिल्ला शिक्षा अधिकारी सिरहालाई निर्देशन दिने गरी मिति २०६६।१।१४ मा गरेको निर्णयको आधारमा विद्यालय व्यवस्थापन समितिले मिति २०६६।२।१८ मा निवेदिकाको नियुक्ति बदर गर्ने गरी गरेको निर्णयउपर निवेदिकातर्फबाट कुनै उजूरी नपरेको, साथसाथै निवेदिकाको शुरू नियुक्ति नै कानूनसम्मत् र सत्य साँचो नभई गैरकानूनी हुँदा, निवेदक सफा हात (Clean Hand) का साथ यस अदालतको असाधारण अधिकारक्षेत्र गुहार्न नआएको समेतले समुचित प्रक्रियाअनुरूप नभएको नियुक्तिबाट निवेदकको कुनै कानूनी अधिकारको सिर्जना नहुने हुँदा प्रस्तुत रिट निवेदन मागअनुसारको आदेश जारी हुनुपर्ने नदेखिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६८ साल भदौ २० गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट निवेदन नं. ०६७-WO-१०७१, उत्प्रेषणयुक्त परमादेश, *कृष्णप्रसाद सुवेदी वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*

कुनै कार्य गर्न कानूनबमोजिम अधिकारप्राप्त निकायले आफ्नो कार्यालयको अधिकारक्षेत्र अन्तर्गत पर्न आएका निवेदनउपर आवश्यक कानूनी प्रक्रिया पूरा गरी कानूनबमोजिमको निर्णय गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा संस्था नवीकरणको लागि निवेदन परिसकेपश्चात् हालसम्म नवीकरण हुने नहुने केही निर्णय नगरी कार्यवाही शून्य अवस्थामा राखेको देखिँदा निवेदकको संस्था स्वतन्त्र प्रजातान्त्रिक ट्रेड यूनियन नेपालको कानूनबमोजिम नवीकरण हुने नहुने सम्बन्धमा निर्णय गर्नुपर्ने भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

जहाँसम्म निवेदकबाट जुन १ देखि १७ सम्म जेनेभामा हुने भनिएको अन्तर्राष्ट्रिय श्रम संगठनको १०० औं विश्व सम्मेलनमा निवेदक संस्थाका प्रतिनिधिले भाग लिन बञ्चित गर्ने गरी भएको मिति २०६८।२।२ को मन्त्रिस्तरीय निर्णय उत्प्रेषणको आदेशबाट बदरको माग गरिएको छ सो सम्बन्धमा विचार गर्दा उक्त सम्मेलनमा भाग लिन सक्ने समय हाल व्यतीत भइसकेको हुँदा सोतर्फको निवेदकको माग नै निरर्थक भइसकेको छ । जुन विषयमा उत्प्रेषणको आदेशको माग गरिएको हो सोको समय नै व्यतीत भइसकेको अवस्थामा उत्प्रेषणको आदेश जारी गरिरहनु औचित्यपूर्ण नहुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल कात्तिक २८ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४-WO-०९५१, उत्प्रेषणयुक्त परमादेश, *डा. चूडामणि शर्मा वि. शिक्षक सेवा आयोग सानोठिमी*

शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम २७ को (क) देखि (ख) सम्म तोकिएका अन्य प्रावधानहरू हेर्दा (क) मा निलम्बन भएको पूरै अवधिलाई जनाउन "निलम्बन भएको अवधिभर" भन्ने शब्दावली प्रयुक्त भएको पाइन्छ भने ऐ.(ख) मा बढुवा रोक्का भएको पूरै अवधिलाई जनाउन "रोक्का भएको अवधिभर" भन्ने शब्दावली प्रयुक्त भएको पाइयो । यदि नियम २७(घ) को प्रयुक्त शब्दावलीको आशय पनि तलव बृद्धि (ग्रेड) रोक्का पूरै अवधिमा थप एक वर्ष नै जनाउने रहेको भए नियम २७ को (क) र (ख) मा प्रयुक्त भएको शब्दावली सरह "रोक्का भएको अवधि" भन्ने शब्दावली समेत उल्लेख हुनुपर्नेमा सो शब्दावली प्रयोग भएको पाइदैन । उक्त नियम २७ को (क) मा प्रयुक्त निलम्बन र २७ को (ख) मा प्रयुक्त बढुवा रोक्का दुबै शब्द शिक्षा ऐन तथा नियमावलीबमोजिम निश्चित् अवधि तोकेर दिइने आवधिक सजाय हुन् । त्यस्तै २७ को (घ) बमोजिम तलव वृद्धि (ग्रेड) रोक्काको अवस्था पनि शिक्षक कर्मचारीलाई हुन सक्ने आवधिक विभागीय सजायको प्रकार हो । यस्तो आवधिक सजायको पूरै अवधि समेट्नको लागि विधिकर्ताले २७ (क) र (ख) मा प्रयोग गरिएको उल्लिखित शब्दावलीभन्दा भिन्न अर्थ

राख्ने "रोक्का भएको मितिले" भन्ने शब्द प्रयोग गरिएको हो भन्न र अर्थ गर्न नमिल्ने ।

तल्लो पदमा घटुवा गरेकोमा घटुवा भएको मितिले दुई वर्षसम्म भन्ने शब्दावली प्रयुक्त भएको छ । सो वाक्यमा प्रयोग भएको "घटुवा भएको मिति" भन्ने शब्दले घटुवा भएको अवधिसँग कुनै तादाम्यता र सरोकार राख्ने नदेखिई जुन मितिदेखि तल्लो पदमा घटुवा गरिएको हो सोही निश्चित् मितिलाई नै जनाउने हुँदा सोही सरह नियम २७ को (घ) प्रयोग भएको "रोक्का भएको मितिले" भन्ने शब्दावलीले पनि तलव वृद्धि (ग्रेड) रोक्का भएको मिति अर्थात् जहिलेदखि तलव वृद्धि (ग्रेड) रोक्काको निर्णय कार्यान्वयन भएको हो सो मितिभन्दा भिन्न अर्थमा लिन नमिल्ने ।

रिट निवेदकलाई ५ वर्षसम्म तलव वृद्धि रोक्का गर्ने निर्णय मिति २०६२।८।१ मा भै सोही मितिदेखि उक्त निर्णयको कार्यान्वयन प्रारम्भ भएको भन्ने देखिन आएको हुँदा शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम २७ (घ) को प्रयोजनको लागि सोही मितिदेखि गणना गरी एकवर्ष सम्मको लागि मात्र बढुवाको लागि उम्मेद्वार हुन बञ्चित गर्न सकिने देखियो । यी निवेदकको हकमा मिति २०६३ साल कात्तिक मसान्तमा नै तलव (ग्रेड) रोक्का भएको मितिले एकवर्ष पुगिसकेको भन्ने समेत देखिन आएकोले नियम २७(घ) को स्थिति व्यतीत भएपछि विपक्षी शिक्षक सेवा आयोगले मिति २०६४।११।२३ मा गोरखापत्रमा प्रकाशित गरेको विज्ञापन नं. ००६।०६४।०६५ को सूचनाबमोजिमको बढुवाको लागि निवेदकले मिति २०६५।१।६ गते जिल्ला शिक्षा कार्यालय पर्वतमा पेश गरेको दरखास्त फाराम अस्वीकृत गर्ने गरी विपक्षी शिक्षक सेवा आयोगबाट भएको मिति २०६५।२।५ को निर्णय शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम २७(घ) अनुरूप भए गरेको भन्न नमिली त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल कात्तिक २८ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको WO-०७९४, उत्प्रेषण, अधिकारपृच्छा, परमादेश, *दिनेशराज सत्याल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

अल्पमत बहुमत जे जस्तो भए पनि सरकारको अस्तित्व कायम नै रहेको सरकारको मन्त्रिपरिषद्बाट भएका विभिन्न निर्णयहरूको वैधानिकता सम्बन्धमा प्रश्न उठाउनुको कुनै कानूनी आधार छैन । निवेदकहरूले सरकारको अस्तित्वलाई स्वीकार गरेको तर सोही सरकारले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३७ द्वारा प्रदान गरिएको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहेको र संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्था सञ्चालन गर्ने अधिकार मन्त्रिपरिषद्उपर हुने भन्ने संवैधानिक व्यवस्थाबमोजिम बहाल रहेको मन्त्रिपरिषद्ले शासन व्यवस्था सञ्चालनको क्रममा मिति २०६६।१।२० र २१ गते गरेका विभिन्न निर्णयहरू बहालवाला मन्त्रिपरिषद्बाट देशको दैनिक शासन व्यवस्था सञ्चालन गर्ने क्रममा कानूनसम्मत् प्रक्रिया र विधिको अधिनमा रही निर्णयहरू गर्न सक्ने र सोहीबमोजिमको मन्त्रिपरिषद्बाट भएका निर्णयहरूमा निवेदकहरूले भनेबमोजिम स्थितिको विद्यमानता नदेखिँदा आफ्नो कार्यकारीणी अधिकार प्रयोग गर्न स्वतन्त्र र सक्षम रहेको सार्वभौम निकाय मन्त्रिपरिषद्को अधिकारक्षेत्रमा हस्तक्षेप गरी मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको कार्यान्वयनका रोक लगाउन नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको WO-११०२, उत्प्रेषणमिश्रित परमादेश, *बुघाई खाँ पैठान वि. रामअयोध्या राय यादव समेत*

निवेदकलाई आफ्नो नाममा नरहेको सम्पत्तिलाई लिएर चुनौती दिने अधिकार हुँदैन । आमा जीवित रहेको अवस्थामा यी निवेदक प्रस्तुत निवेदन लिएर आउनुबाट आमालाई सो लिलामी

प्रक्रियामा आपत्ति नभएको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ। सगोलको सम्पत्ति जोसुकैको नाममा दर्ता रहे पनि सो अंश लाग्ने प्रकृतिको रहेछ भने त्यसमा सबैको हक अन्तरभूत हुन्छ। आमाको नामको सम्पत्ति अंशबण्डा भएको स्थापित नभएको अवस्थामा यी निवेदक छोराको हक पनि अन्तरभूत रहने।

परिवारको मुख्यको मञ्जूरी बिना गरिने लेनदेनको दायित्व पारिवारिक सम्पत्तिलाई पर्ने र सो सदस्यले बाँकी सम्पत्तिबाट पुनः आफ्नो हकहिस्सा पनि पाउने गरी दोहोरो लाभ लिन लेनदेन व्यवहारको ८ र ९ नं. ले निषेध गरेको हो। कि.नं. ३२७ मा रहेको ज.वि. १-४-१२ मध्ये ०-७-५ मात्र लिलाम भएको अवस्थामा लेनदेन व्यवहारको ८ र ९ नं. प्रतिकूल मान्न मिलेन। त्यसमा पनि आफू परिवारको मुख्य भएबाट आफ्नो मञ्जूरी नभएको कारोबारको दायित्व आफूले व्यहोर्नु नपर्ने भनी आमा सहिदनी खातुन नआएको निज छोरा नै रिट निवेदन गर्न आएको अवस्थामा निवेदकले नै घरको मुख्य भई व्यवहार चलाएको मान्नुपर्ने।

आफूले लिएको ऋण समयमै चुक्ता गर्नु ऋणीको दायित्व हुन्छ। ऋण लिने अनि भाखाभित्र ऋण नबुझाएका कारणबाट साहूले ऋणीउपर मुद्दा गर्नुपर्ने स्थितिको सिर्जना हुन गएको छ। मुद्दा गर्नु कुनै पनि साहूले रहर नभई बाध्यता हो। साहूले लिखतबमोजिमको साँवा ब्याजको रकम प्राप्त गर्ने मात्र लक्ष्य लिएको हुन्छ। ऋणीको अचल सम्पत्ति प्राप्त गर्ने लक्ष्य साहूको नहुने।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) मा लिलामको कारवाही प्रारम्भ भएकोमा बाँकीवाला व्यक्तिले बुझाउनु पर्ने रकम अन्तिम डाँक सकार नभएसम्ममा बुझाउन ल्याए उक्त रकम बुझी लिई लिलामको कारवाही तामेलीमा राखी दिनुपर्दछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाले डाँक लिलाम प्रारम्भ भई सकार नभएसम्म प्रतिवादीले बिगो बुझाउन पाउने समयसीमा निर्धारण गरिदिएको पाइन्छ। कानूनले निर्धारण गरेको समयसीमाभन्दा बाहिर गई दाखिला गरेको बिगोको रकमले कुनै अर्थ नराख्ने।

निवेदकले आफूले लिएको ऋण भाखाभित्र नतिरेको कारण निजको एकासगोलको आमा सहिदा खातुनका नाउँ दर्तामा रहेको जग्गाबाट यी रिट निवेदकको अंशभागमा पर्ने जग्गा लिलाम गरेको देखिएको र सो कार्यलाई निज सहिदनी खातुनले कुनै उजूरबाजुर नगरी स्वीकारै गरेबाट यी रिट निवेदकको हकाधिकारमा आघात परेको नदेखिएको हुँदा निवेदन मागबमोजिम उत्प्रेषण र परमादेशको आदेश जारी हुन नसक्ने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री भरतराज उप्रेती,** २०६८ सालको रिट नं. ००३३, बन्दीप्रत्यक्षीकरण, *मञ्जुदेवी अग्रवाल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गतको कसूरको आरोप लागेको व्यक्तिउपरको अनुसन्धानको कार्य सम्पन्न गरी वारदात भएको मितिले सातदिनभित्रै अभियोगपत्र दायर गरिसक्नु पर्ने भनी किटानी रूपमा उल्लेख गरेको देखिन्छ। यदि सो समयावधिभित्र मुद्दा दायर गर्न नसकिने मनासिब कारण भएमा वारदात भएको मितिले ३५ दिनभित्र मुद्दा दायर गर्ने गरी मुद्दा हेर्ने अधिकारीले म्याद थप गरिदिन सक्ने भन्ने उल्लेख भएको पाइन्छ। यो विशेष कानूनी व्यवस्था हो। यस्तो विशेष अवस्थामा उल्लेख भएको "मनासिब माफिकको कारण" आत्मपरक प्रकृतिको हुनुहुदैन, यो वस्तुपरक हुनुपर्दछ। यस्तो कारण मुद्दा हेर्ने अधिकारीले मात्र बोध गर्न सक्ने प्रकृतिको नभई सबैलाई बोध हुन सक्ने प्रकृतिको हुनु पर्दछ। अन्यथा त्यस्तो म्याद थप हचुवा प्रकृतिको हुन पुग्दछ। र त्यस्तो हचुवा प्रकृतिको म्याद थपले कानूनी मान्यता प्राप्त गर्न नसक्ने।

मुद्दा दायर गर्ने प्रारम्भिक म्यादमा थप म्याद लिन अनुसन्धान अधिकारी र म्याद थप गरिदिन मुद्दा हेर्ने अधिकारी सक्षम छन्। तर, थप म्याद लिन मनासिब कारण चाहिने प्रावधानद्वारा विधिकर्ताले यो अख्तियारी दुरूपयोग नहोस् भन्ने अभिप्राय राखेको हो। यसका लागि अनुसन्धान अकिारीले दिएका कारण मनासिब माफिकको हुनै पर्छ। यी शब्दद्वारा विधिकर्ताले स्वेच्छाचारिता नियन्त्रित गर्न खोजेको हो। ती कारणको

औचित्य मुद्दा हेर्ने अधिकारीले देख्नु पर्दछ। मुद्दा हेर्ने अधिकारीले म्याद थप दिन देखेको औचित्य न्यायिक पुनरावलोकनको विषय बन्ने।

कुनै पनि नागरिकको वैयक्तिक स्वतन्त्रता अपहरण गर्दै थुनामा राख्न पूर्वावस्था पनि देखिनु पर्दछ। प्रत्यर्थीहरूले आफ्नो लिखित जवाफमा थुनामै राख्नुपर्ने पूर्वावस्था रहेको वस्तुनिष्ठ आधार अदालतलाई देखाउन सक्नु पर्दछ। सो देखाइएको पूर्वावस्थाको न्यायिक मूल्याङ्कन गर्दै अदालतले उपयुक्त आदेश जारी गर्दछ। बन्दीप्रत्यक्षीकरणको रिटमा थुनामा राख्नुपर्ने सम्मका पूर्वावस्था र निवेदकले गरेको भनिएका कानूनको उल्लंघनका प्रश्नका बीच सामञ्जस्यता देखिनु पर्दछ। अन्यथा यो वैयक्तिक स्वतन्त्रताको अपहरण गरिएको मानिने अवस्था भई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिने आधार बन्न पुग्ने।

निवेदक गोविन्दराम अग्रवालले केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २(क) बमोजिमको कसूर गरेको भनी पक्राउ गरिएकोमा निजउपर सोही ऐनको दफा ४(१) बमोजिम सात दिनभित्रै अभियोगपत्र दायर गरिसक्नु पर्नेमा सोबमोजिम नगरी अनुसन्धान बाँकी रहेको भन्ने बहानामा मुद्दा दायर गर्ने म्याद थप गरी पूर्वावस्थाको सर्वथा अभावमा निजलाई थुनामा राखिएको कार्य कानूनविपरीतको देखिँदा सो कानूनविपरीतको कार्यले मान्यता पाउन सक्ने भएन। अतः बन्दी निवेदक गोविन्दराम अग्रवाललाई अन्य मुद्दाबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनामुक्त गरिदिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम्।

३

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०५०८, निर्णय बदर, *भरत खड्का वि. गुठी संस्थान केन्द्री कार्यालय समेत*

पुनरावेदकले रैकर जग्गा नै मोहीको हैसियतले कमाई आएको अवस्थामा दानपत्र भएको पाइन्छ। सो जग्गाको स्वामित्व गुठी संस्थानमा आयो भन्नेबित्तिकै पुनरावेदक गुठी जग्गा कमाउने दर्तावाला मोही हुन सक्ने होइन। गुठी संस्थान ऐनको दफा २७ ले गुठी जग्गामा खास जोताहा किसानले सोही दफाको प्रतिवन्धात्मक वाक्यांशका अधीनमा रही मोहियानी हक पाउने हो। यस दफाबमोजिम मोहियानी प्राप्त भई दफा २८ र २९ बमोजिम दायित्व निर्वाह गर्ने र दफा ३० बमोजिमको हक प्राप्त हुने व्यक्तिलाई मात्र सो ऐनको दफा ३६ को गुठी रैतानमा परिणत गराउन पाउने हक प्राप्त गर्ने हो। पुनरावेदक गुठी संस्थान ऐन, २०३३ को दफा २७ अन्तर्गतको मोही नहुँदा निजलाई सो जग्गा रैतानी नम्बरीमा परिणत गर्न पाउने कानूनी अधिकार भएको नदेखिने।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल कात्तिक १ गते रोज ३ शुभम्।

४

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०४६८, सार्वजनिक जग्गामा पर्खाल निर्माण, *जनकपुर नगरपालिका कार्यालय वि. ब्रम्हदेव साह*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ अन्तर्गत नगरपालिका प्रमुखले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने र पुनरावेदन अदालतबाट भएको फैसला अन्तिम हुने व्यवस्था छ। यस्तै प्रकृतिको एउटा मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने भनी पुनरावेदन खारेज भएको नजीर *ने.का.प.* २०६७, अङ्क ८, नि.नं. ८४८६ पृष्ठ १४०४ मा प्रकाशित भइसकेको समेत छ। सोही नजीरअनुसार समेत जनकपुर नगरपालिका तर्फबाट सर्वोच्च अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दा खारेज हुने।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल कात्तिक १ गते रोज ३ शुभम्।

५

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री कमलनारायण दास,** ०६५-WO-०५४०, उत्प्रेषणयुक्त परमादेश, *गुप्तमाया पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२०२१ सालमा भएको नापीमा पर्ती जनिई नापी भएकोमा तोकिएको म्यादभित्र कुनै माग दावी

निवेदन नगरी बसेको, २०५१ सालमा सरकारको नाममा दर्ता भएपछि पनि लामो समयपश्चात् दा.खा. नामसारीको लागि २०६४ सालमा मालपोतमा निवेदन परेको र निजले दावी गरेको जग्गामा कुनै हकभोग समेत रहेको भएको नदेखिँदा उक्त निवेदन तामेलीमा राखेको मालपोत कार्यालयको निर्णयमा कुनै त्रुटि समेत रहेको देखिन नआउने ।

संविधानप्रदत्त हक प्रचलन र कानूनी हक प्रचलनको लागि वैकल्पिक उपचारको व्यवस्था नभएको वा व्यवस्था भए पनि प्रभावकारी नभएको अवस्थामा मात्र असाधारण अधिकारक्षेत्र आकर्षित हुने हो । तर, निवेदकले नेपाल सरकारका नाममा २०५१।२।२४ मा नै भइसकेको दर्ता बदर गरी हक कायम गर्ने विषय लिई असाधारण अधिकारक्षेत्रको माध्यमबाट अदालत प्रवेश गरेको देखियो । जग्गा दर्ता बदर गरी हक कायम गर्ने सबूद प्रमाण मूल्याङ्कन गर्ने समेतका विषय असाधारण अधिकारक्षेत्रको विषय नभएको एवं विवादित जग्गा सर्भे नापीमा पर्ती आवाद बेलायक भनी जनिई सरकारी जग्गा हुँदा मिति २०५१।२।२४ मा नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णयबाट यी निवेदकको कुनै पनि हकमा आघात परेको स्थिति नहुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल भदौ ८ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री कमलनारायण दास,** ०६६-MS-०००३, अदालतको अपहेलना, *रामसेवक यादव वि. डा. दीर्घसिँह बम समेत*

विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिवले निवेदकलाई कामकाजबाट बञ्चित गर्ने गरी कुनै पनि किसिमको निर्देशन दिएको देखिँदैन भने स्वास्थ्य विभागको महानिर्देशकले समेत सरूवा भई आउनेलाई नियमानुसार कामकाजका लगाउनु भन्ने सम्मको निर्देशन दिएको तर अदालतको आदेशविपरीत हुने गरी निर्देशन दिएको देखिँदैन । विपक्षी जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीका प्रमुख चन्द्रदेव मेहताले समेत स्वास्थ्य सेवा विभागको निर्देशानुसार राजेन्द्रप्रसाद सुनरैतलाई जिम्मेवारी दिई कामकाज गर्ने पत्र दिइएको देखिन्छ । सोही पत्रमा यस अदालतको मिति २०६६।२।२६ को आदेशानुसार हाजिर रही कामकाज गर्न भनी निवेदकलाई जानकारी गराएको समेत देखिन्छ । सो अवस्थामा विपक्षीहरूले अदालतको आदेशविपरीत हुने गरी कार्य गरेको नदेखिँदा अदालतको अपहेलना गरेको नदेखिने ।

जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीका वरिष्ठ जनस्वास्थ्य प्रशासकले यस अदालतबाट भएको मिति २०६६।२।६ को आदेशानुसार पूर्ववत् रूपमा काम गर्न दिनु दिलाउनु भन्ने आदेशको तत्परतासाथ पालना नगरी स्वतः प्रष्ट रहेको कुरामा सरकारी वकीलको कानूनी राय लिने समेतका अनावश्यक काम गरी ढिलाई गरेको देखिँदा विपक्षीलाई भविष्यमा अदालतको आदेशानुसार गर्न गराउन सचेत गराउने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल असोज २६ गते रोज ५ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-WO-०३८६, उत्प्रेषणयुक्त परमादेश, *विजयकान्त झा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकले आफू अधिकृत छैठौं तहको भएकाले अधिकृतस्तरको कर्मचारीलाई सरूवा गर्ने अधिकार स्वास्थ्य सेवा विभागलाई छैन, नेपाल सरकारले मात्र गर्न सक्छ भनी लिएको जिकीरतर्फ हेर्दा लोकसेवा आयोगको परीक्षाबाट सीधै अधिकृत स्तरमा आएको वा नियमित बढुवाबाट अधिकृत भएको नभै लामो समयसम्म काम गरेको आधारबाट स्वतः स्तर मात्र वृद्धि भएको भै पद तथा काम एउटै भएको पुष्टि भएको छ । तसर्थ यी निवेदक नियमित बढुवा भै वा लोकसेवा आयोगबाट सिफारिश भै सीधै अधिकृत स्तरमा आएको नभै तह मात्र मिलान भएको कर्मचारी भै सहायक स्तर सरहकै कर्मचारी भएको देखिएकाले निजलाई स्वास्थ्य सेवा विभागले सरूवा गर्नसक्ने देखिनुका साथै नेपाल सरकार सचिवस्तरको

२०५९।१।३० को तथा मिति २०६३।९।३ को निर्णयानुसार स्वास्थ्य सेवातर्फका अधिकृत छैठौंदेखि दशौंसम्मका कर्मचारीहरूको ऐन नियमको परिधिमा रही सरूवा गर्ने अधिकार स्वास्थ्य सेवा विभागको महानिर्देशकलाई प्रत्यायोजन भएको देखिएकोले पनि स्वास्थ्य सेवा विभागले यी रिट निवेदिकालाई गरेको सरूवा अधिकारविहीन भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असोज २९ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६४-WO-०४२५, उत्प्रेषणयुक्त परमादेश, *निर्मला श्रेष्ठ वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-WO-०६१०, उत्प्रेषणयुक्त परमादेश, *पोषराज त्रिताल वि. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

यी निवेदकलाई सरूवा गरिएका अन्य सरूवाहरू कार्यान्वयनमा नआई पछिल्लो अर्थात् तेह्रथुममा गरिएको सरूवा मात्र कायम रहेको पाइन्छ । यी रिट निवेदक स्वास्थ्य सेवाको तल्लो तहको कर्मचारी हुनुका अतिरिक्त निजको परिवार समेत स्वास्थ्य सेवाअन्तर्गतकै कर्मचारी भै पाँचथरमा कार्यरत् रहेको भन्ने भनाई रहेको पाइन्छ । उक्त सरूवा सरसर्ती हेर्दा एउटै प्रकारको भौगोलिक क्षेत्रबाट सोही प्रकारको अर्को भौगोलिक क्षेत्रमा गरेको भै स्वास्थ्य सेवा नियमावलीको नियम ३१ तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ को भावनाविपरीत भएको देखिन्छ । तथापि यस अदालतको मिति २०६४।९।२३ को अन्तरिम आदेशले निजको पछिल्लो अर्थात् मिति २०६४।९।१३ मा क्षेत्रीय स्वास्थ्य निर्देशनालय, धनकुटाबाट भएको सरूवा कार्यान्वयनमा नआई यथास्थितिमा रहेको देखिन्छ । यस अदालतको उक्त आदेशपश्चात् निज पाँचथरमा रहेको बसेको समेत ४ वर्ष पुग्न लागेको भै पुनः सरूवा हुने अवधि समेत पुगेको देखिन आयो । यस स्थितिमा साधिकार निकायबाट स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१, ३२, ३३, ३४ समेत बमोजिम गरिने नियमित सरूवामा निवेदकको पदअनुसारको दरबन्दी भएको स्थानमा सरूवा गर्न सक्ने नै हुँदा नियमित रूपमा साधिकार निकायले सरूवा गर्ने अधिकारमा हस्तक्षेप हुने गरी आदेश गर्न उचित नहुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असोज २९ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६४-WO-०२१३, *तेजनारायण सिँह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-WO-०३१३, उत्प्रेषणयुक्त परमादेश, *सत्यनारायण यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

सरूवा गर्ने निकाय स्वयंले अभिलेख व्यवस्थापनमा भएको कमजोरीका कारण हुन गएको सरूवा त्रुटि सच्याउन सकिने भनी लिखित जवाफमार्फत् प्रतिवद्धता अभिव्यक्त गरेको देखिएकाले यी निवेदकले सरूवा गर्ने निकायमा गएमा उपचार पाउन सक्ने नै देखिन आयो । यसरी सरूवा गर्ने निकायले यी निवेदकको सरूवा निर्णयमा त्रुटि भएको हुन सक्ने कारण समेत प्रस्तुत गरी सो सरूवा सम्बन्धमा भएको त्रुटि सच्याउने भनी लिखित जवाफ प्रस्तुत गरेको यस्तो स्थितिमा रिट निवेदनको औचित्यता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असोज २९ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको WH-००४०, बन्दीप्रत्यक्षीकरण, *कृष्णप्रसाद शर्मा वि. सुनसरी जिल्ला अदालत समेत*

पुर्पक्षको निमित्त माग गरेको धरौट दिन नसकेको नाबालकलाई थुनछेकको प्रयोजनको निमित्त थुनाको विकल्पको रूपमा बाल सुधार गृहमा बन्दीको

रूपमा पठाउन सक्ने व्यवस्था नभएको भनी यस अदालतबाट *ने.का.प.* २०६५ अङ्क ९ नि.नं. ८०१५ पृष्ठ ११३२ मा सिद्धान्त प्रतिपादन भैरहेको देखिँदा प्रस्तुत मुद्दामा यी निवेदक सुरेश चौधरी (नाम परिवर्तन) लाई माग भएको धरौट दाखिला गर्न नसकेको भन्ने आधारमा बाल सुधारगृहमा बन्दीको रूपमा पठाएको सुनसरी जिल्ला अदालतको मिति २०६८।५।८ को आदेश उक्त नजीरको आधारबाट त्रुटिपूर्ण भएको देखिन आयो । सुनसरी जिल्ला अदालतको उक्त आदेश त्रुटिपूर्ण देखिँदा सो आदेशको आधारमा यी निवेदकलाई थुनाको विकल्पको रूपमा बाल सुधारगृहमा पठाउने गरी लेखिएको पत्र समेत बदर भई यी निवेदक सुरेश चौधरीलाई थुनामुक्त गरी मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्न दिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६८ साल मंसिर २१ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको CI-०१७१, निषेधाज्ञा, *इसुफ मियाँ भन्ने युसुफ मियाँ वि. विनोदकुमार पाठक*

विवादित जग्गा साविकदेखि मोहीको हैसियतले आफूले भोगचलन गर्दै आएको, यी विपक्षी बिनोदकुमार पाठक सुकुम्बासी नभएको तथा निजले उक्त जग्गा कहिल्यै भोगचलन समेत नगरेको भनी लिएको पुनरावेदन जिकीरलाई विवादित जग्गा साविकदेखि बिनोदकुमार पाठकको भोग रहेको भन्ने जिल्ला प्रशासन कार्यालय, सुनसरीको मिति २०६५।२।२६ को पत्रबाट समेत खण्डित भइरहेको छ भने निज पुनरावेदक प्रतिवादीले पेश गरेको १ नं. लगत र २ नं. अनुसूचीको प्रतिलिपिमा समेत उल्लिखित कि.न.. र जग्गा उल्लेख भएको पाइदैन । यसरी प्रतिवादीले आफूले लिएको जिकीरलाई पुष्टि हुने कुनै ठोस प्रमाण समेत प्रस्तुत गर्न नसकेको स्थितिमा उक्त विवादित जग्गा निवेदककै हकभोगमा रहेको पुष्टि भैरहेको देखिँदा निजको भोगाधिकारमा आघात पुऱ्याउने आशंका विद्यमान रहेको अवस्थामा निवेदकको मागअनुरूप निषेधाज्ञा जारी हुने ।

रइजलास अधिकृतः कर्ण राई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असोज ५ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं. ०३२५, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रामबहादुर दनुवार समेत*

यसै वारदातसँग सम्बन्धित यिनै प्रतिवादीहरू संलग्न भएको यस अदालतको संवत् २०६५ सालको फौ.पु.नं. ०३२४, को कर्तव्य ज्यान मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।६।११ मा फैसला हुँदा प्रतिवादीमध्येका रामबहादुर दनुवारलाई १० वर्ष कैद हुने र प्रतिवादी हर्कबहादुर दनुवारलाई ३ वर्ष कैद सजाय हुने ठहऱ्याई फैसला भइसकेको देखिन्छ । प्रस्तुत ज्यान मार्ने उद्योग मुद्दा चल्दाचल्दैको अवस्थामा यही वारदातबाट गम्भीर घाइते भएका रामजी दनुवारको उपचारको क्रममा मृत्यु भई कर्तव्य ज्यान मुद्दा अलग रूपमा चली यस अदालतमा समेत दर्ता हुन आएको देखियो । यसप्रकार एकै जरिया एउटै वारदातबाट उठेको मुद्दामध्येको कर्तव्य ज्यान मुद्दामा प्रतिवादीलाई सजाय ठहर भइसकेको देखिँदा प्रस्तुत ज्यान मार्ने उद्योग मुद्दामा प्रतिवादीहरूलाई कर्तव्य ज्यान मुद्दामा सजाय भएको आधार लिई यस मुद्दामा सजाय नहुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः शम्भुप्रसाद साह

इति संवत् २०६८ साल कात्तिक २८ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-WH-०००७, बन्दीप्रत्यक्षीकरण, *कृष्णबहादुर बुढा वि. सुर्खेत जिल्ला अदालत, वीरेन्द्रनगर सुर्खेत समेत*

मुलुकी ऐन, चोरीको १४ को देहाय २ ले जवर्जस्ती चोरी गर्नेलाई जरीवानाबापत पनि कैद गर्नु पर्छ भन्ने सजायसम्बन्धी घोषणत्मक व्यवस्था

गरेको भए पनि जरीवानाबापत कैद ठेक्नको लागि दण्डसजायको ३८ नं. भन्दा बाहिर जान मिल्दैन। त्यसैले जरीवानाबापत चोरीको महलबमोजिम हुने कैद सजायको अधिकतम् हद बढी हुन सक्ने देखिए पनि जरीवानाको सट्टामा ठेकिने कैदको उपल्लो हद दण्ड सजायको महलको ३८ नं. को देहाय १ बमोजिम चार वर्षभन्दा बढी हुन नसक्ने।

निवेदकलाई कैदबापत १ महिना १५ दिन र जरीवानाबापत ४ वर्ष समेत गरी जम्मा वर्ष ४।१।१५ कैद ठेक्नु पर्नेमा वर्ष ७।१।१५ कैद ठेकिएको देखिएको हुँदा ३ वर्ष बढी कैद ठेकी निज निवेदक थुनामा नै रहेको देखिन आयो। दण्ड सजायको ५३ नं. बमोजिम जरीवानाबापत कैद ठेक्दा एक दिनको २५ रूपैयाको दरले, ऐ.को ५३ क नं. ३८ को अधिकतम् हदभन्दा बढी कैद ठेक्न नहुने र ऐ.को ३८(१) नं. ले कैद र जरीवाना दुबै सजाय भएको मुद्दामा जरीवाना नतिरेबापत कैद ठेक्दा चार वर्षभन्दा बढी ठेक्न नमिल्ने भन्ने स्पष्ट भएको अवस्थामा निवेदकलाई जरीवानाबापत अधिकतम् चार वर्ष मात्र कैद ठेक्न मिल्नेमा उक्त अवधिभन्दा बढी ३ वर्ष बढी कैद ठेकिएको देखियो। निवेदकलाई कानूनबमोजिम कैद र जरीवानाबापत गरी मिति २०६३।१०।११ देखि मिति २०६७।११।२६ सम्म मात्र थुनामा राख्नु पर्नेमा मिति २०७१।१।१० सम्म कैद ठेकी कानूनविपरीत गैर थुनामा राखेको देखिएको र ठेक्न मिल्ने कैदको अवधि वर्ष ४।१।१५ मिति २०६७।११।२६ मा भुक्तान भइसकेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक कृष्णबहादुर बुढा कैदबाट मुक्त हुने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल भदौ ९ गते रोज ६ शुभम्।

८

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको CR-०४४५, कर्तव्य ज्यान, *विक्रम चौधरी वि. नेपाल सरकार*

प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा गरीवीका कारण श्रीमतीसँग सधै झैझगडा भइरहनेमा वारदात भएको अघिल्लो दिन पनि झगडा हुँदा श्रीमतीले तँ बहुलाहासँग बस्दिन अर्कैसँग जान्छु भनेको कारण सोही रात पछिको बिहानीपख निदाएकै अवस्थामा स्वास्नी, छोराछोरीलाई मार्ने नियतले बञ्चरोले प्रहार गरेको र सोही चोटको कारण छोरा विशाल चौधरीको मृत्यु भएको भनी कसूर स्वीकार गरेको पाइन्छ भने अदालतसमक्ष समेत उक्त वारदात कसूरलाई स्वीकारेको अवस्था छ। सो वारदातबाट घाइते भएकी श्रीमती देउकुमारी चौधरी र छोरी सुशीला चौधरीको घटना विवरण कागज, जाहेरी दरखास्त, लास प्रकृति मुचुल्का, मौकामा बुझिएका राजेन्द्रप्रसाद चौधरीलगायतका मानिसहरूले लेखाई दिएको कागज एवं स्वयं प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष गरेको बयान समेतको आधारमा यी प्रतिवादीले प्रहार गरेको चोटको कारण विशाल चौधरीको मृत्यु भएको नदेखिने।

रक्सी खाएको अवस्थामा झगडा गर्ने सन्काहा प्रवृत्ति देखाउनुलाई मानसिक विक्षिप्तता भएको भन्न पनि मिल्दैन। तसर्थ निजले श्रीमतीसँग घरायसी झगडाको कारण उठेको रिसइवीले श्रीमती र छोराछोरीलाई मार्ने मनसाय राखी राति सुतिरहेको अवस्थामा बञ्चरो प्रहार गरेकोमा सोही चोटका कारण मृतक विशाल चौधरीको मृत्यु भएकाले प्रतिवादी विक्रम चौधरी कसूरदार ठहर हुने भै ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असार १ गते रोज ५ शुभम्।

९

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६७ सालको फौ.पु.नं. ०८३८, हातहतियार खरखजाना, *नेपाल सरकार वि. सन्तोष दास*

मिसिल संलग्न प्रमाण कागजातहरू हेर्दा प्रतिवादी मो. अजिबुल राइनको साथबाट एक थान पेस्तोल बरामद भएको देखिन्छ। तर प्रतिवादी सन्तोष दासको साथबाट कुनै हातहतियार बरामद भएको देखिँदैन। निज प्रतिवादीको घरबाट चुप्पी बरामद भएको देखिए पनि सो हतियार हातहतियार खरखजाना ऐनले परिभाषित गरेको दायराभित्र परेको देखिँदैन। प्रतिवादी मो. अजिबुल राइनको पोलको आधारमा प्रतिवादी सन्तोष दासउपर अभियोग लगाइएको

देखिन्छ। तर, निज प्रतिवादी सन्तोष दास शुरू जिल्ला प्रशासन कार्यालयका मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा इन्कार रहेको देखिन्छ। यसकारण सहअभियुक्तको पोल स्ततन्त्र प्रमाणबाट पुष्टि भएको देखिँदैन। सहअभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म त्यसलाई भरपर्दो र पत्यारलायक प्रमाण मान्न कानूनको रीतबाट नमिल्ने हुँदा यी प्रतिवादीलाई अभियोग माग दावीअनुसार सजाय गर्न नमिल्ने।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल कात्तिक २७ गते रोज १ शुभम्।

## रायबाझी फैसला

**मा.न्या. श्री रामकुरमारप्रसाद शाह र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६३ सालको दे.पु.नं. CI-०९४१, मुचुल्का बदर, सिफारिश बदर, बण्डा बदर, *दानी मडिक वि. चुल्हाई मण्डल समेत*

**मा.न्या. श्री रामकुरमारप्रसाद शाहको रायः**

पुनरावेदक वादीले दावी लिएको न.नं. १, २, ३ को जग्गा र सोमा बनेको घरमा निजको भोग रहेको नक्सा मुचुल्काबाट नदेखिएको र प्रतिवादीहरूको भोगमा रहेका उक्त ऐलानी र गाउँ ब्लकको घर जग्गाका सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म भोग नै आधारभूत प्रमाण मानिने हुँदा वादीले आफ्नो दावीलाई लिखतको प्रमाणबाट तथ्यपूर्ण रूपमा स्थापित गर्न नसकी न.नं. १, २, ३ को जग्गामा वादीको भोग नदेखिई प्रतिवादीहरूको भोग देखिएकोले भै आएका वार्ड मुचुल्का, सिफारिश र बण्डा समेतलाई बिना प्रमाण बदर गर्न नमिल्ने।

**मा.न्या. श्री गिरीश चन्द्र लालको रायः**

पुनरावेदक वादीको दावीबमोजिमको जग्गा वि.सं. १९८३ सालको नापीमा सुकन हजामको नाउँमा नापी भै कि.न. ८९८ कायम भै निजको नाउँमा स्रेस्ता कायम भएको र सो कि.नं. भनी वार्ड मुचुल्का र सिफारिश समेत गराई साविक कि.नं. ८९८ मध्येको न.नं. १, २ र ३ को जग्गा प्रतिवादीहरूले बण्डा गरी लिएको देखिँदा सर्जमीन मुचुल्का, सिफारिश र सोको आधारमा भएको मिति २०५४।१०।६ को बण्डापत्र समेत वादीको हक सम्ममा बदर हुने।

सहयोगी माननीय न्यायाधीशको रायसँग मतैक्य हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नु।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको दे.पु.नं. CI-०९३७, घर उठाई जग्गा खिचोला चलन, *दानी मडिक वि. चुल्हाई मण्डल समेत*
- २०६४ सालको फौ.पु.नं. CR-०५२३, जालसाजी, *दानी मडिक वि. चुल्हाई मण्डल*

## एकल इजलास

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६७ सालको WO-०९५१, उत्प्रेषण, *अञ्जना पाण्डेय वि. दुखरन साह समेत*

निवेदकले आफूले फैसला बदर, अंश र जालसाजी समेतका मुद्दा दायर गरी कारवाहीयुक्त अवस्थामा रहेको हुँदा मिति २०६६।५।२८ गते फैसला भएको लेनदेन मुद्दाको फैसला कार्यान्वयन रोकी पाउन निवेदन परेको देखिन्छ। निवेदकले दायर गरेको अंश समेतका मुद्दामा कानूनबमोजिम फैसला हुन बाँकी नै रहेको छ। ती मुद्दाहरूमा भएको फैसलाबमोजिम निवेदकले आफ्नो हकाधिकार प्राप्त गर्न सक्ने नै देखिन्छ। लेनदेन मुद्दामा कानूनबमोजिम फैसला भई कार्यान्वयनको प्रक्रियामा गई अन्तिम चरणमा पुगेको कारवाहीलाई रोक्का राख्न मिल्ने अवस्था नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन पर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति सवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम्।